# संघीय संसद

# राष्ट्रिय सभा

# छैठौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ४ असार २०७६

# बिहीबार

# (बैठक सङ्ख्या-२७)

राष्ट्रिय सभाको आजको दोस्रो बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहीबार दिनको १:५० बजे प्रारम्भ भयो ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, आजको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७७ अन्तर्गत विभिन्न मन्त्रालयहरूसँग सम्बन्धित विनियोजन शीर्षकहरूमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम जारी रहन्छ ।

अब म सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीलाई राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथीको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओली**:- सम्माननीय अध्यक्ष महोदय, म केही संक्षिप्तमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतमा रहेका विभिन्न निकाय, संघ, संस्था र विभागहरूको सम्बन्धमा विनियोजित बजेटको सन्दर्भमा उठेका प्रश्नहरूको यस सभामा छलफलको क्रममा आएका जिज्ञासाहरू या टिप्पणीहरूको सन्दर्भमा संक्षिप्तमा प्रष्ट पार्न चाहन्छु र आफ्ना विचारहरू राख्न चाहन्छु । अध्यक्ष महोदय, एउटा ठुलो भ्रम रहिरहेको छ र यो भ्रम बादल नलाग्दा पनि बादल फाटेपछि पनि, घाम लाग्दा पनि अझै क्लियर नभएको देख्दा अचम्म लागेको छ मलाई । घरिघरि बादल लाग्न अस्पष्ट हुनु त एउटा कुरा हुनछ तर बादल नलाग्दा पनि यो किन अस्पष्ट भइराखेको छ ? प्रधानमन्त्री कार्यालय मातहत किन ल्याइयो भन्ने एउटा प्रश्न छ । त्यस प्रश्नसँगै एउटा आरोप पनि जोडिएको छ कि यो शक्ति केन्द्रीकरण गर्न खोजिएको हो भन्ने । मलाई लाग्छ हाम्रो प्रणालीमा यति निरिह आरोप नलाग्न पर्थ्यो किनभने यो संसदीय प्रणालीमा संसदले जनप्रतिनिधिहरूको यस सर्वोच्च संस्थाले आफ्नो प्रतिनिधिको रूपमा सरकार सञ्चालन गर्नका लागि प्रधानमन्त्री नियुक्त गर्छ र प्रधानमन्त्रीले आफ्नो सरकार सहज ढङ्गले सञ्चालन गर्न प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि मन्त्रिपरिषद् निर्माण गर्छ । त्यसकारण कुनै मन्त्रालय मातहतको वा कुनै पनि कामहरू ती प्रधानमन्त्री मातहत नै हुन्छन् । प्रधानमन्त्रीले आफू बलियो हुनका निम्ति यो विभाग, त्यो विभाग ती आफ्नो मातहत ल्याइरहनु पर्दैन । मन्त्रिपरिषद् नै प्रधानमन्त्रीले निर्माण गरेको हुन्छ, गठन गरेको हुन्छ । त्यसकारण प्रधानमन्त्री यस प्रणालीमा कार्यकारी प्रमुख भनिन्छ र कार्यकारी अधिकार मन्त्रिपरिषद्मा निहित हुन्छ । त्यो मन्त्रिपरिषद्मा निहित त्यसको अन्तिम फैसला फेरि पनि प्रधानमन्त्रीबाट हुन्छ । तसर्थ प्रधानमन्त्रीलाई शक्ति आर्जन गर्नका निम्ति एउटा विभाग टिपेर आफ्नो मातहत ल्याउनु पर्ने त्यस्तो हुँदैन । सिङ्गै विभाग, सिङ्गै मन्त्रालयहरू प्रधानमन्त्री कै मातहतमा हुने गर्छन् । त्यसकारण यो भ्रम कतै रहनु आवश्यक छैन कि यो चाहिँ विभाग प्रधानमन्त्रीले आफूमा शक्ति केन्द्रित गर्नका लागि भनेर कार्यकारी शक्ति प्रधानमन्त्रीमा स्वत: केन्द्रित हुन्छ यस प्रणालीमा । त्यसकारण यस कुरामा पहिले म स्पष्ट गर्न चाहन्छु । यो कुनै शक्ति केन्द्रित गर्नका लागि होइन । कामहरूको प्रभावकारी संयोजन, परिचालन, अनुगमन र निरीक्षणका लागि त्यस्ता विभागहरू केहिले-कहिले प्रधानमन्त्रीका मातहत ल्याइन्छ । आफ्नो देशका अनुभव र अरु देशका पनि अनुभवहरूलाई हेरेर ती कामहरू गरिन्छ । त्यसर्थ अन्यथा कुनै हिसाबले हो भन्ने कुरा नसोच्न म माननीयज्यूहरूलाई आग्रह गर्न चाहन्छु । जहाँसम्म बजेटको विनियोजनको कुरा छ कि जुन प्रधानमन्त्री कार्यालय मातहतका थिए, पहिलादेखि नै रहेका थिए । तिनीहरूको प्रभावकारिता अभिवृद्धि भएकै छ । अहिले जो पछिल्लो समयमा प्रधानमन्त्री कार्यालय मातहत ल्याइए भनेका विभागहरू वा अरु निकायहरू तिनीहरू प्रभावकारी भएका छन् । तिनको कामको नतिजा देखिएको छ । यस पटकको विनियोजन समयानुकूल, उपयुक्त र उचित छ । त्यसकारण यसमा कुनै प्रकारको द्विविधा माननीयजीहरूले नलिए भए हुन्छ भनेर म माननीयजीहरूलाई आश्वस्त पार्न चाहन्छु ।

माननीयजीहरूले जिज्ञासा उठाउनु भएको छ । कोरोनाको सम्बन्धमा चासो, चिन्ता, सरोकार राख्नु भएको छ । अरु विषयहरूमा पनि चासो, चिन्ता, सरोकार राख्नु भएको छ । शान्ति सुरक्षाको सन्दर्भमा राख्नु भएको छ, भ्रष्टाचार नियन्त्रणको सम्बन्धमा राख्नु भएको छ । सुशासनको, कानूनको राजको सन्दर्भमा कुरा उठाउनु भएको छ । यी सबै कुराहरूको सन्दर्भमा माननीयजीहरूले कुराहरू उठाउनु भएको छ, प्रश्नहरू उठाउनु भएको छ । यसका निम्ति म सबै माननीयजीहरूलाई हार्दिक धन्यवाद भन्न चाहन्छु । जुन उत्साहका साथ, जुन तदारुकताका साथ माननीयजीहरूले बजेटको विनियोजको सन्दर्भमा, बजेटको सन्दर्भमा छलफलमा भाग लिनु भएको छ, जिज्ञासाहरू राख्नु भएको छ । यो स्पष्ट हुनका लागि राख्नु भएको छ भन्ने मैले ठानेको छु र म खुसी व्यक्त गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु । धेरै माननीयजीहरूले अहिलेको जुन देशका लागि पनि गम्भीर समस्याको रूपमा देखापरेको र विश्वकै लागि एउटा गम्भीर समस्याको रूपमा देखापरेको कोरोनाको समस्या छ । त्यस विषयमा माननीयजीहरूले उठाउनु भएको छ जिज्ञासा । यस सम्बन्धमा म माननीयजीहरूलाई स्पष्ट गर्न चाहन्छु अलिकति म हिजोसम्मको डाटा केही माननीयजीहरूलाई सुनाउन चाहन्छु ।

अहिलेसम्म कुल सङ्क्रमित सङ्ख्या ७,१७७ छ र त्यसमध्ये निको भएर घर फर्किएका डिसचार्ज भएर घर फर्किएका १,७६७ छ । यो हिजोसम्मको डाटा हो, आजको मैले लिएको छैन । एक्टिभ केसहरू ५,९९० छन् र निधन भएकाको सङ्ख्या २० जना छ । त्यसमा फेरि म एकपल्ट दोहोऱ्याउन चाहन्छु । मैले यसो भनिरहँदा कतिपयले यसलाई त्यति के कारणले हो यथार्थ भन्दा अलिकति रुचि कर मान्नु भएको छैन  कतिपयले । म जान्दिनँ के कारण हो ? तर यो २० जनाको जुन निधन भएको छ । त्यसमध्ये कोरोनाकै कारणले निधन भएकोभन्दा पनि यो २० जनाको सङ्ख्या हामीले किन भन्नु पऱ्यो भने हामीले जुनसुकै कारणले निधन भएको भए पनि यदि कोरोना सङ्क्रमित भेटियो भने, पाइयो भने त्यस्तो अवस्थामा कोरोनाबाटै निधन भएको भनेर मान्नु पर्छ भन्ने विश्व स्वास्थ्य सङ्गठनको निर्देश छ । त्यो मापदण्ड भनाएको छ विश्व स्वास्थ्य सङ्गठनले । त्यसकारण अरु विभिन्न कारणले मरेको छ भने पनि विभिन्न बिमारीले मरेको छ भने पनि त्यस्ता केसहरू हामीले अधिकांश केसहरू त्यस्ता देखिएका छन् । एकाध, दुई, तीन केसहरू हुन सक्छ । कोरोना कै कारणले निधन भएको नत्र भने अन्य कारणले निधन भएको तर कोरोनाले पनि छोएको अवस्था हो र मृत्यु हुनेको सङ्ख्या ठुलो हुनुपर्थ्यो भनेको होइन । तर कोरोनाको कारणले मृत्यु हुनेको सङ्ख्या पनि यति होइन । यो मान्न परेको हौ हामीले स्वास्थ्य सङ्गठनको त्यस मापदण्डको कारणले । त्यसर्थ हाम्रो उपचार विधि र यो हाम्रो प्रतिरोध समस्या आदि कुराहरूको कारणले निधन हुनेहरूको सङ्ख्या धेरै कम छ । अथवा प्रति १० लाखमा ०.७ प्रतिशत । यो संसारका धेरै देशहरूभन्दा अत्यन्तै न्यून हो फेरि पनि । प्रति १० लाखमा सङ्क्रमित सङ्ख्या २४७ रहेको छ । धेरै देशहरूकोभन्दा यो कमै सङ्ख्या हो । Total test को हिसाबले हामीले ३ लाख ८३ हजार ३ सय १५ टेष्ट गरेका छौं । प्रति १० लाखमा परीक्षण सङ्ख्या १३ हजार १ सय ६६ छ । यो अरु धेरै देशहरूभन्दा हाम्रो स्थिति राम्रो

छ र साउथ एशियामा भन्ने हो भने भुटानभन्दा पछाडि हाम्रै अवस्था, हामी नै माथि छौँ यसमा ।

अहिलेसम्म देशमा community मा सङ्क्रमण फेरि पनि कम रहेको छ । ठुलो सङ्ख्या हामी सबैलाई थाहा छ । असाधारण ढङ्गले हाम्रो क्षमता, हाम्रो तयारीभन्दा कुनै पनि हिसाबमा भन्दा बढी बाहिरबाट आउनेहरूको सङ्ख्या ठुलो छ । जसले गर्दाखेरि क्वारेण्टाइनमा टेष्ट नपुग्नु वा टेष्टको आवश्यक मात्रामा क्वारेण्टाइनमा टेष्ट गर्न नसकिनु वा प्रतिक्षा गर्नु पर्नु वा स्वाब कलेक्सन एउटा डम्पिङ्ग भएको जस्तो स्थितिमा त्यो क्यूमा रहनु, हाम्रो क्षमताले लगातार नभ्याउनु जस्ता कुराहरू अथवा क्वारेण्टाइनको उचित प्रबन्ध पुगेन भन्ने साथीहरूको गुनासो छ । कतिपय ठाउँमा त्यो पनि कुरा हो । किन त्यस्तो भयो त भन्दा हामीले देशभित्रको अथवा बाहिरको फाट्ट-फुट्ट आगमन अरु देशहरूको जस्तो फाट्ट-फुट्ट आगमनको सामना गर्नु पर्ने अवस्था रहेन । हामीले बाढीको जस्तो सामाना गर्नु पर्‍यो । अरु देशहरूमा केही बारिहबाट सङ्क्रमित आउने र सक्दो समुदायमा फैलाउने । त्यस्तो सामना गर्नु पर्‍यो भने हाम्रो देशमा बाहिरबाट आउनेहरू कै सङ्ख्या अत्यन्तै ठुलो र सङ्क्रमित भएरै आउनेहरूको सङ्ख्या ठुलो । जसले गर्दा हामीलाई परीक्षण गर्न पनि त्यत्रो सङ्ख्यामा एकैचोटि परीक्षण गर्न सजिलो रहेन । जस्तो भारतबाट मात्रै आउनेको सङ्ख्या हामीले हेर्‍यौं भने चैत्र महिनामा १२ हजार ६ सय ५७ थियो । बैशाखमा ११ हजार ७ सय ४९ जना रह्यो । जेठ महिनामा २ लाख ४१ हजार ८ सय ६२ जना रह्यो । जेठ महिना एउटै महिनामा २ लाख ४१ हजार ८ सय ६२ जना रह्यो । असारमा हामीले ३ गतेसम्मको हेर्‍यौं भने अलिकति घट्दै आएको छ । १ गते १ हजार ४ सय १०, २ गते ४ हजार ८०, ३ गते २ हजार १२ जनाको आगमन भएको छ । जम्मा असारमा हिजो ३ गतेसम्म आकँडामा ७ हजार ५ सय २ जना हिजोसम्ममा आएका छन् । जेठ र असारमा हामीले हेर्‍यौं भने दैनिक सरदर ७ हजार ८ सय २२ जना आएका छन् दैनिक । हामीसँग अधिकतम परीक्षण सङ्ख्या बढाउदा कहिले-कहिले हामीले ७ हजारसम्म पुर्‍याउन सकेका छौं नत्र ४५ सय देखि ४ हजार सरदर क्षमता रहेको छ । त्यस क्षमतालाई हामी अभिवृद्धि गरिरहेका छौं र त्यसलाई अब विभिन्न तरिकाहरू पनि अवलम्बन गरेर यो परीक्षणलाई क्षमता बृद्धि गर्ने र परीक्षणमा लामो समय प्रतिक्षा गर्न नपरोस् । निकाली सकेको स्वाब यतिकै क्यूमा परीक्षणका लागि पर्खेर बस्ने स्थिति नबनोस् भन्ने कुराहरूमा ध्यान हामीले दिएका छौँ । मैले भने जेठ एक महिनामा मात्रै दुई लाख ४१ हजार ८ सय ६२ जना आएका छन् भने एक महिनामा २ लाख ४१ हजार भनेको लगभग अढाई लाख मानिस आउँछन् भने अढाई लाखको क्वारेण्टिनको व्यवस्था गर्नु भन्न सजिलो छ । तर त्यो क्वारेण्टाइनको व्यवस्था गर्न, त्यसमा स्वास्थयकर्मी, त्यसमा सुरक्षा आदिकाहरू प्रबन्ध मिलाउनु, खानपिनको प्रबन्ध यत्रो व्यक्तिहरूलाई मिलाउनु, बस्ने प्रबन्ध मिलाउनु । यी सबै कुरा अनि टेष्टिङ्गको प्रबन्ध मिलाउनु सहज कुरा होइन । यसका निम्ति म सबभन्दा बढ्ता स्थानीय तहहरू, स्थानीय जनप्रतिनिधिहरूलाई हार्दिक धन्यवाद भन्न चाहन्छु । जसले अत्यन्त धेरै मेहनतका साथ कष्ट

गरेर यी चीजहरूको व्यवस्थापन गरेका छन् । बाहिरबाट भन्नलाई सजिलो छ । भन्नलाई धेरै सजिलो छ तर ती चीजहरूको व्यवस्था स्थानीय तहमा गर्नका लागि सजिलो छैन । हामी अनुमान गर्न सक्छौं जब जेठ महिनामा दुई लाख ४१ हजार ८ सय ६२ जना प्रवेश गरे भने मझौला किसिमकै एउटा जिल्लाकै पपुलेसन सानो जिल्लामा त यति पपुलेसन हुँदैन । दुईटा, तीनटा निर्वाचन क्षेत्रको पपुलेसन हो यो । यो एउटा ठुलै सहरको पपुलेसन हो । हाम्रा नगरपालिकाहरू, उपमहानरपालिकाहरू होलान् । तर धेरै नगरपालिकाहरूको पपुलेसन नै यति छैन भने त्यस ठाउँमा क्वारेण्टाइनका नियम, सोसल डिस्टेन्सिङ्ग, त्यसका स्वास्थ्यका अरु प्रबन्धहरू ती सबै प्रबन्धहरू सहितको व्यवस्था गर्न भूमि, सामाग्री, आर्थिक हिसाब-किताब र त्यो सेवा उपलब्ध गराउने जनशक्ति । यो हामीले यथार्थपरक ढङ्गले परिकल्पना गरौं त । यदि हामीले एउटा जिल्लाको कुरा गऱ्यौं भने बाँकेको नेपालगञ्ज सहरमा यदि ५० हजार जनसङ्ख्या छ भने अथवा १ लाखको जनसङ्ख्या छ भने बाँके जिल्लाभरि गर्दा पनि १ लाखको क्वारेण्टाइन, त्यो क्वारेण्टाइन बनाउनको लागि डिस्टेन्स मेन्टेन गरेर आवास, त्यतिनै व्यक्ति नै पिच्छेका शौचालय यी सबै प्रबन्ध गर्ने अरु त्यहाँ हेर, विचार, खान-पिन आदि, इत्यादिका प्रबन्धको लागि खटिने मान्छे, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका अरुका पनि सोसल डिस्टेन्सिङ्ग मेन्टेन गरेर गरिने प्रबन्ध यी सबैका लागि त्यति नै नेपालगञ्ज बजारमा अटेको छ त्यो पपुलेसन भने बाँके जिल्लाभरि गर्दाखेरि त्यति अट्न गाह्रो हुन्छ । त्यो डिस्टेन्स मेण्टेन गरेर गराउनु पऱ्यो । त्यसका प्रबन्ध गर्नु पऱ्यो र त्यतिकै सङ्ख्यामा अरु मान्छेहरू, स्वास्थ्यकर्मी लगायतका मान्छेहरू ती सबै चीज गर्ने मान्छेहरू पनि चाहिए । त्यहाँ सरसफाइका मान्छेहरू चाहिए । यो सबै गर्दाखेरिको पपुलेसन कत्रो हुन्छ र त्यसको प्रबन्ध कस्तो हुन्छ भन्ने कुरा हामीले विचार गर्नु पर्छ । त्यसकारण केही कमीहरू यो विश्व कहीँ पनि COVID-19 को सामना गर्न तयार भएर बसेको, तयारी गरेर बसेको, प्रतिक्षा गरेर बसेको थिएन । यो आउछ भन्ने कसेले अनुमान गरेको थिएन । यो डिसेम्बर यता यी ६ महिनामा भयानक ढङ्गले आयो र यसले कति लाख मान्छे दुनियाँबाट लिएर गइसक्यो, यी ६ महिनामा । कति लाख मान्छे सङ्क्रमित छन्, सङ्ख्या बढ्दो छ । हाम्रैमा पनि यसको सङ्ख्या बढ्दो छ । यसको तयारीका साथ कोही बसेको थिएन । हामीले सुरुदेखि नै यथार्थमाभन्दा तुलनात्मक ढङ्गले भन्ने हो भने अरुकोभन्दा राम्रो तयारी गऱ्यौं ।

त्यसैकारण हाम्रोमा कुनै अरु कारणले होइन, हाम्रो तयारी कै कारणले सङ्क्रमितहरूको सङ्ख्या पनि कम छ । यो त बाहिरबाट हामीलाई, भारतबाट रोक्नै नसक्ने गरी flow भयो । एक महिनामा जब २ लाख ४४ हजार को सङ्ख्यामा आउँछ भने यो त रोक्नै नसक्ने खालको, थाम्नै नसक्ने खालको flow हो । तर पनि हामीले थाम्यौं । हामी प्रबन्ध गरिरहेका छौं । कुनै forecast यस्तो गर्न सकिँदैन, त्यस्तो तयारी पनि गर्न सकिँदैन । हामीले तयारी नगरेको होइन । त्यति ठुलो सङ्ख्यामा अहिले पनि डेढ लाखभन्दा बढी नै सङ्ख्यामा क्वारेण्टिनमा मान्छेहरू छन् । तीव्रताका साथ स्वाव टेष्टहरू भइराखेको छ, गर्न नखोजेको छैन । भनेको बेला सामाग्री

उपलब्ध छैनन् । अहिले पनि दुनियाँमा भनेको बेला सामाग्री अब निर्माण हुन थालेका छन् । अब उपलब्ध हुन थालेका छन् । सुरुमा कस्तो भयो ? कहिले मलेरियाको औषधि खाऊँ भनेको छ । कसैले के गर भनेको छ । मान्छेलाई थुम्थुम्याउन, चित्त बुझाउन सही तर मान्छेले अनेक उपायहरू अवलम्बन गरेको छ भने हाम्रो देशमा त हामीले धेरै उत्तम प्रबन्ध गरेका छौँ । सुरुदेखि लकडाउन गरेका छौँ । त्यसबाट सङ्क्रमण हुन पाएको छैन । आइसोलेसनमा मान्छे राखेका छौँ । मास्क प्रयोग गर्न सिकाएका छौँ, साबुन पानीले हात धुन सिकाएका छौँ । साबुन पानी नभएका, नपाएका ठाउँमा तातो पानीले भए पनि हात धुन सिकाएका छौँ ।

यद्यपि कतिपय त्यतिकै बुज्रुक हुन खोज्ने, जानकार हुन खोज्नेहरूले त्यस्ता कुराहरूलाई उडाएका पनि छन् । हामीले यसका सम्बन्धमा immune system का कुरा गर्दा, immune system कसरी बढ्छ भन्ने कुरा गर्दा त्यसलाई उडाएका पनि छन् । मैले सडकमा पनि देखेँ, कतिपयले बेसार खाएर निको हुन्छ, बेसार जेका लागि पनि निको हुन्छ, जे को पनि उपचार हो बेसार भन्ने पनि निस्के । बेसार उपचार होइन मात्रै होइन । कहिले-कहिले बेसारले बिषको काम पनि गर्छ । तर एउटा एन्टिबायोटिक तत्व भएको औषधीय गुण भएको तत्व हो बेसार भनेको हो । त्यसको अर्थ कुनै पनि चीजको साइड इफेक्ट हुँदैन अथवा कति बेला खान हुन्छ ? कतिबेला खान हुँदैन ? भन्ने कुरा त हुँदैन । बेसार पनि कोही-कोही अबस्थामा खान हुँदैन । रक्तअल्पता भएको छ भने बेसार खान हुँदैन, जण्डिस लागेको छ भने बेसार खान हुँदैन । गर्भवती महिलाले बेसार खान हुँदैन । सुत्केरी महिलाले बेसार खान हुँदैन । यदि आइरनको कमी, ब्लडको कमी छ भने खान हुँदैन । त्यस्ता अनेक स्थिति हुन्छन् । जसमा बेसार खान हुँदैन । अपरेसन गर्नु पर्छ भने ४८ घण्टा अगाडिदेखि त्योभन्दा अझ ७२ घण्टा वा त्योभन्दा २/४ दिन अगाडिदेखि बेसार अप्रेशन गर्न जाने मान्छेले खानु हुँदैन किनभने त्यसले रगतलाई पत्ल्याउने काम गर्छ । त्यो पत्ल्याउने कामले गर्दाखेरि त्यस स्थितिका मान्छेहरूलाई त्यो हितकार नहुन सक्छ । कुनै पनि चीज जन्मिने बित्तिकै स्तनधारी जीवहरूले खाने खुवाउने भनेको दुध हो पहिलादेखि बच्चालाई । सबैभन्दा हितकर, सबभन्दा ठीक भनेको त जन्मिने बित्तिकै पशुले पनि मान्छेले पनि बच्चालाई दुध नै खुवाउँछ । तर दुध खान नहुने पनि बिमारी लाग्छ । कस्तो अवस्थामा दुध खान हुन्छ ? कस्तो अवस्थामा दुध खान हुँदैन । जबकी बच्चा ६ महिनासम्म आमा कै दुध खाएर हुर्किन्छ । तर यस्ता रोगहरू हुन्छन्, जब डक्टरले दुध नखाउ भन्ने सल्लाह दिन्छ । एउटा प्रसङ्गमा भनिएको, डक्टरले सल्लाह दिएको अरु होइन बच्चालाई आमाको दुध खुवाउँन भनेर सल्लाह दियो । दुध हितकर हुन्छ, दुधमा सम्पूर्ण पौष्टिक तत्वहरू हुन्छन् । त्यसकारण बच्चालाई दुध खुवाऊँ भनेर एउटाले सल्लाह दियो भने अर्काले जहिले पनि दुध ठीक हुन्छ ? जहिले पनि दुध उपयुक्त हुन्छ भनेर निउ खोज्ने कुरा होइन । कहिले-कहिले नहुन सक्छ । त्यही पनि प्वाइजनस् भइदिन सक्छ । कस्तो अवस्थामा खान हुन्छ ? कस्तो अवस्थामा खान हुँदैन ? ठकि ढङ्गले भनिएका कुराहरूलाई पनि नकारात्मक ढङ्गले लिने र त्यसका वास्तबिक अर्थलाई नसमाउन खोज्ने र त्यसलाई उडाउन खोज्ने खालको प्रवृत्ति

नेपालमा त्यो एउटा कस्तो प्रवृत्ति भन्ने त्यसलाई ? जान्न नखोज्ने, नजाने पनि त्यसलाई उडाउन खोज्ने । त्यस्ता कुराहरू पनि देखिए । तर हाम्रो स्थिति यस सम्बन्धमा भन्ने हो भने जस्तो महामारी जुन ढङ्गले आयो । भारतबाट जुन ढङ्गले फ्लो आयो मानिसहरूको र सङ्क्रमितहरूको जुन सङ्ख्या आयो । त्यसले गर्दा यो सङ्क्रमितहरूको सङ्ख्या बढिरहेको छ । अहिले पनि लगातार बढ्दो सङ्ख्या ५ सयभन्दा बढी प्रतिदिनमा पुगेको छ हिजोसम्मको स्थितिमा । त्यस स्थितिमा पुग्नुका पछाडि यो समुदायमा सङ्क्रमित भएर गएको होइन । बाहिरबाट सङ्क्रमित भएर आएकाको सङ्ख्या नै हो भन्ने कुरा बुझ्नु पर्छ । बाहिरै सङ्क्रमित हुन नदिने क्षमता सरकारले जादू गर्ने हो र ? भारतमै हुँदाखेरि सङ्क्रमित हुन नपाउने । हामी कुनै जोगी, धामी, झाँक्री त होइन जसले आकाश बाँधु, पाताल बाँधु, यो गरूँ, यो गरूँ भनेर खरानी छर्छ र बाँध्छ । त्यसरी त हामी भारतमा भएका नेपालीलाई पनि बाँधु COVID-19 लागन नपाउने गरी बाँधूँ भनेर धामीले भने जस्तो त्यसरी त बाँध्न त सक्दैनौँ । उहीबाट सङ्क्रमित भएर आएकाको सङ्ख्या ठुलो भइरहेको छ । त्यो हामी सबैले हेर्न, देख्न पर्छ भन्ने मलाई लाग्छ ।

बाहिर देशबाट किन ल्याइएन ? किन आउन पाएनन् मान्छे भन्ने कुराको हकमा यो भन्ने बित्तिकै अथवा कहीँ सुन्ने बित्तिकै यहाँ अप्ठ्यारो पर्‍यो भन्ने बित्तिकै विदेशबाट ल्याउन सजिलो हुँदैन । त्यसका निम्ति अनेक प्रबन्धहरू हुन्छन् । हामी हल्लाका पछाडि जानु हुँदैन भन्ने म आग्रह गर्न चाहन्छु । हामीले बाहिरबाट ल्याउन थालेका छौँ, ल्याइरहेका छौँ, ल्याउने क्रम जारी छ र सायद यो क्रम अलि पछिसम्म निकै धेरै नै अगाडि जान सक्छ । हामीले यो ल्याउने कुरा दुईटा कुरासँग सम्बन्धित छ । एउटा कोभिड सङ्क्रमित छ कि छैन टेष्ट गरेर ल्याउनु पर्ने र कुनै-कुनै देशले टेष्ट नगरिकन पठाइदिएको स्थिति पनि हुँदोरहेछ । अस्ति हामी यूएयीको सम्बन्धमा अलिकति अल्मल्याइयौँ अथवा अलमलियौँ जे भने पनि हुन्छ । टेष्ट नगरिकन मानिसहरू आए । जुन अन्तर्राष्ट्रिय WHO को मापदण्डमा त्यसरी पठाउन पाइँदैन । भारतबाट त कुरै छोडिदियौँ । भारतबाट त त्यो टेष्ट गरेर पठाउने कुराको अपेक्षा नै गर्न सकिँदैन । त्यो त एउटा हुल आएको मात्रै हो । जब एक महिनामा २ लाख ४१ हजार ८ सय ६२ जना आउँछन् या टेष्ट गरेर पठाउने भन्ने त्यो कुरै भएन । अरु देशहरूबाट हामीले टेष्ट गरेर ल्याउने गरेका छौँ । जापानबाट १३ जना ल्याएका छौँ । मलेशियाबाट १ जना ल्याएका छौँ । म्यानमारबाट २६ जना ल्याएकाछौँ । यूएइबाट १६९ जना ल्याएका छौँ । अष्ट्रेलयाबाट ११ जना ल्याएका छौँ । कुबेतबाट ४४८ जना ल्याउका छौँ । अफ्गानिस्तानबाट १८ जना ल्याएका छौँ । बाङ्लादेशबाट ४२८ जना ल्याएका छौँ । हङ्गकङ्गबाट ७ जना ल्याएका छौँ । ओमनबाट १६६ जना ल्याएका छौँ । यसरी १ हजार १ सय १७ जना जेठ २१ गतेदेखि असार १ गतेसम्ममा हामीले ल्याएको सङ्ख्या यो हो बाहिरबाट । यहाँबाट पनि सङ्क्रमित हुन सक्छ, सङ्क्रमित आएका हुन सक्छन् । यसमा पनि हामी सतर्क हुन जरुरी छ र फेरि यहाँ पनि क्वारेण्टाइनको समस्या आउँछ । भन्न सजिलो छ तर १ हजार १ सय १७ जना मान्छेलाई क्वारेण्टाइन त्यही

पनि सजिलो छैन । देशको अर्थतन्त्र, आर्थिक अवस्था, स्वास्थ्य क्षेत्र, स्वास्थ्य क्षेत्रको स्थिति कस्तो थियो ? त्यस ठाउँबाट हामीले अहिले यस अवस्थाको सामना गर्न कति प्रगति गरेका छौँ ? कति व्यवस्था गरेका छौँ ? ती कुराहरूलाई हामीले हेर्नु पर्ने हुन्छ भनेर मैले राख्न खोजेको हु ।

अहिलेसम्ममा क्वारेण्टाइनमा १ लाख ८ हजार ३ सय ३६ जना हिजोसम्म क्वारेण्टाइनमा रहेका व्यक्तिहरूको सङ्ख्या १ लाख ८ हजार ३ सय ३६ जना रहेको छ । आइसोलेसनमा रहेकाहरूको सङ्ख्या ४ हजार ८ सय २२ जना रहेको छ । त्यसैगरेर अस्पतालमा रहेकाहरूको सङ्ख्या ६ हजार ७ सय ६० जना रहेको छ । जो COVID-19 बाट सङ्क्रमित छन् । हिजो ४ बजेर ४५ मिनेट जाँदासम्मको यो रकेर्ड । प्रादेशिक हिसाबले सबभन्दा बढी क्वारेण्टाइनमा ४३ हजार ८ सय ६५ जना सुदूरपश्चिममा रहेका छन् । यो फोरकाष्ट मैले सम्भवत यसभन्दा अघिल्लो पल्ट बोल्दा पनि सुदूरपश्चिम प्रदेशमा आगामी दिनमा यस्तो सिनारियो हुन सक्छ भन्ने कुरा केही सङ्केत मैले यहाँ भनेको थिएँ जस्तो लाग्छ मलाई । हामीले ठीकै विश्लेषण र ठीकै सम्प्रेषण गरेका छौँ । अनुमान गर्दा पनि ठीकै गरेका छौँ । किनभने त्यहाँको प्रविधि, त्यहाँको जनप्रतिनिधि संस्था, त्यहाँको सरकार, त्यहाँका निकाय, त्यहाँका जनप्रतिनिध, त्यहाँका जनता सबै प्रवृत्तिहरूलाई हेरेर विश्लेषण गरेर नै हामीले यी निष्कर्षहरू निकालेका छौँ । यस्तो-यस्तो हुन्छ है भनेर ।

त्यसपछिको सङ्ख्या प्रदेश नम्बर ५ मा २३ हजार ९ सय ९० लाई क्वारेण्टाइनमा राखिएको छ । त्यसपछिको सङ्ख्या कर्णाली प्रदेशमा १८ हजार ४ सय ३० जनालाई क्वारेण्टिनमा राखिएको छ । त्यसपछि प्रदेश नम्बर दुईमा १० हजार ८ सय ८५ जनालाई क्वारेण्टिनमा राखिएको छ । अरु क्वारेण्टाइनमा राखिएको सङ्ख्या गण्डकीमा ५ हजार ९ सय २९ जनालाई राखिएको छ । प्रदेश नम्बर १ मा ३ हजार २ सय ४२ लाई राखिएको छ । बागमतीमा १ हजार ९ सय ९५ लाई राखिएको छ । सबभन्दा कम सङ्ख्या चाहिँ यहीँ बागमतीमा रहेको छ । आइसोलेसनमा प्रदेश नम्बर १ मा १४९ जना, दुईमा १,२६६, बागमतीमा १७२, गण्डकीमा २२५, ५ नम्बरमा १,००९, कर्णालीमा ७२८ र सुदूरपश्चिममा १,२७३ जनालाई आइसोलेसनमा राखिएको छ । अस्पतालमा प्रदेश नम्बर १ मा ४३२, २ मा २,५११, बागमतीमा  १९५, गण्डकीमा २६२, पाँच नम्बर प्रदेशमा १,९३०, कर्णालीमा १,०७८ र सु.प.मा ३५२ जनालाई अस्पतालमा राखिएको छ । कूल सङ्ख्या अघि नै मैले भने कूल सङ्ख्या क्वारेण्टिनमा १ लाख ८ हजार ३ सय ३६, आइसोलेसनमा ४ हजार ८ सय २२ र अस्पतालमा ६,७६० जना रहेका छन् । यतिको हेर बिचार भइरहेको छ, परीक्षण भइरहेको छ । खानपिन भइरहेकोछ, बसोबास भइरहेको छ, उपचार भइरहेको छ । नेपालको स्वास्थ्य स्थितिको सम्बन्धमा यो गर्न सक्नु म खासगरि स्थानीय तहहरूलाई हार्दिक धन्यवाद भन्न चाहन्छौँ । त्यहाँका जनप्रतिनिधिहरूलाई धन्यवाद भन्न चाहन्छु । जसले अत्यन्तै मेहनत साथ यी कष्टरत कामहरू गर्नु भएको छ । उछाल्नेहरूलाई त उछाल्न सजिलो छ । १० अर्ब कहाँ गयो भनेर ।

खोइ १० अरब भनेर । अब यहाँ १० अर्ब कताबाट देखाइदिने यहाँ छ भनेर । १० अर्ब त तल पठाइयो । यही कामका लागि, महिनौँदेखि मान्छेहरू खटेका छन् । क्वारेण्टिन निर्माण गरेका छन् । क्वारेण्टिनमा बस्नेहरूलाई खुवाएका छन् । क्वारेण्टिानको बन्दोबस्त गर्नेहरूलाई उनीहरूले पनि खानु पर्ला । प्रबन्धहरू गर्नु पर्ला, अनि जनप्रतिनिधिहरूले पैसा खाए भन्दिन सजिलो छ । बहुतै दुःखका साथ कष्टका साथ जनप्रतिनिधिहरू काम गरिराखेका छन् । त्यसमा गुन मान्नु, त्यो छैन । अनि गुन मान्नुको सट्टा, त्यसको प्रसंशा गर्नुको सट्टा, उसको कदर गर्नुको सट्टा अपमान गर्नु, सन्देह पैदा गर्नु, हतोत्साहित गर्नु किञ्चित उपयुक्त हुँदैन । म सबैलाई आग्रह गर्न चाहन्छु ।

१० अरबभन्दा केही, १० अरब, १० अरब भन्ने हल्ला चल्यो । १० अरबभन्दा केही विभिन्न निकायमा खर्चका लागि पठाइएको छ । त्यसको पनि कान्तिपुर, शान्तिपुर आदिमा त्यसको हिसाब-किताब पनि आइसकेको छ मोटामोटी । त्यसको मसिनो गरी हिसाब-किताब आलेप, मलेप भन्ने हुन्छ । आन्तरिक लेखा परीक्षण, महालेखा परीक्षण सबै हुन्छन् र ती कुरा गरिमामय संसदमा वार्षिक प्रतिवेदनको रूपमा आउँछ । रुजु, बेरुजु, नियमिता, अनियमितता यी सबै कुराहरू आउँछन् । हरेक व्यक्तिलाई हरेक दिनका खर्च देशभरिका खर्च, मान्छे काममा लागेका छन् । यहाँ कसैलाई चाहिँ खर्चको हिसाब चाहिएको छ । काममा ध्यान छैन, कामप्रतिको प्रसंशा छैन । परिस्थितिप्रतिको गम्भीरता छैन । हिसाब-किताब दैनिक चाहिएको छ । खोइ पैसा भनेर । यस रुचीलाई पनि म धन्यवाद दिन चाहन्छु । यसलाई म एउटा जागरणको रूपमा म लिन चाहन्छु । कमसेकम देशको अहिले यो रकमको मात्रै होइन । जुन १४ खर्बभन्दा बढीको बजेट प्रस्तुत गरिएको छ । त्यो सम्पूर्ण बजेटको एक-एक पैसाको हिसाब किताब आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षण । महालेखा परीक्षणको वार्षिक प्रतिवेदन मार्फत् सदनमा आउँछ । यसमा कतै अनियमितता भयो भने त्यसका पछाडि विभिन्न निकायहरू छन् । त्यसको रेखदेख गर्ने । त्यसै कामलाई नियालेर हेर्ने । नियमितता, अनियमितता के भइरहेको छ भनेर नै छानबिन गर्ने अनुगमन गर्ने, हेर्ने निकायहरू छन् । तिनले काम गरिराखेका छन् । त्यसकारण यस्तो ठान्नु भएन कि म बाहेक अरु सबै भ्रष्ट छन् भन्ने ठान्न भएन । अर्को यस्तो ठान्न भएन कि देशमा भ्रष्ट बाहेक अरु कोही जन्मिँदै जन्मिँदैन । भ्रष्ट बाहेक अरु कोही छदै छैन । अर्को यस्तो पनि ठान्न भएन कि सरकारमा वा ओहोदामा बसेकाहरूलाई जसरी पनि बद्नाम गुर्नपर्छ । जसरी पनि चरित्र हत्या गर्नु पर्छ भन्ने त्यो नियत पनि राख्नु भएन । सबै कुराहरू पारदर्शी छन्, पारदर्शी हुन्छन् र मैले अगाडिदेखि भनेको छु म भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्नँ । कसैलाई भ्रष्टाचार गर्न दिइदैन । यदि कहीँ भ्रष्टाचार भएको पाइन्छ भने हरेक कुराको शङ्का लागेर होइन । शङ्का नलागेर पनि छानबिन हुन्छ । शङ्का नलागेर पनि हिसाब किताब चुस्त दुरुस्त राख्न पर्छ । शङ्का नलागे पनि हिसाब किताब चुस्त दुरुस्तै देखिनु पर्छ । शङ्का नलागे पनि हिसाब किताब माग गरिन्छ । हिसाब किताब हेरिन्छ, हिसाब किताब हेर्ने निकाय छन् र तिनीहरूले हेर्छन् । मैले मान्छेहरूका अभिव्यक्तिहरू हुन्छु, भाषण गरेको सुन्छु ।

हिजो मात्रै पनि मैले भाषण गरेको हेरिराखेको थिए । त्यो भाषण गरेको सुन्दाखेरि अचम्म लाग्यो । आन्तरिक लेखा परीक्षण, महालेखा परीक्षण आदि, इत्यादि छानबिन हुन्छ । हिसाब किताब हुन्छ । त्यो जाँच हुन्छ यस्तो हिसाब किताब मिलाएर खान कसलाई आउँदैन । त्यो त हामीलाई पनि आउँछ । हिसाब किताब उहाँलाई पनि आउछ भने भनेको के ? अनि जाँच्ने कसले त ? जाँच्ने निकायले नजाँच्ने ? कसले जाँच्ने त ? कि नेपाली जनता सबै क्वारेण्टाइनमा जाऊँ जाँच गर्न । त्यहाँ भ्रष्टाचार भयो कि भएन भनेर हेर्न आफै जाने । त्यस्तो त हुँदैन होला । त्यसकारण यो अनावश्यक ढङ्गले यस्ता विषयहरू ।

सामान किन किनिएन ? छिटो बाटोबाट किन किनिएन ? बिमारी मर्न आट्यो, बिमारी मरिसकेपछि अनि औषधि ल्याउने ? छिटो किन्नु पर्‍यो नि ! छिटो बाटोबाट यस्तो बेलामा । अनि छिटो बाटोबाट किनेपछि खोई टेण्डरको प्रक्रिया पुर्‍याएको ? मिलिभगत गरेर खाइयो यहाँ फेरि अर्को कुरा । कसै गरे पनि धर नहुने । यस्तो खालको कुरा हुन भएन । यतिबेला छोटो प्रक्रियाबाटै खरिद गरिन्छ, छोटो प्रक्रियाबाटै खरिद गर्ने हो । कतिपय व्यापारीहरू आन्तरिक प्रतिस्पर्धामा आउछन् । त्यो प्रतिस्पर्धाबाट गरिने हो । प्रतिस्पर्धा गर्न नभ्याएदेखि अधिकार प्राप्त अधिकारीले बजार मूल्य के छ ती सबै हेरेर छोटो प्रक्रियाबाट खरिद गर्न सक्दछ । आवश्यकता औसचत्य हेरेर यो विशेष परिस्थितिमा विशेष ढङ्गले गर्न सक्दछ । यदि त्यस्तोमा त्यस नाममा अनियमितता गर्‍यो भने यस्तो नोबल कोरोला भाइरसबाट आक्रान्त भएर दुनियाँ पीडित भएको बेला, देश पीडित भएको बेला, मानव जाति माथिको यस्तो अस्थित्व आएको बेला पनि कसैले भ्रष्टाचार गर्छ । भ्रष्टाचारमा लिप्त हुन्छ । देश र जनताको हित हेर्ने होइन यस्तो बेला आफ्नो हित हेर्छ । राष्ट्रको बजेट मारेर देश र जनताप्रति बेइमानी गरेर आफू कमाउने धन्दामा लाग्छ भने त्यस्तालाई कडाभन्दा कडा कारबाही गरिन्छ, सजाय गरिन्छ  । म त्यो स्पष्ट पार्न चाहन्छु ।

अवश्य नै यो COVID-19 ले आम जनतालाई एक हिसाबले मात्रै होइन, यो रोग सरेर । रोगको सङ्क्रमण भएर मात्रै होइन । होला भन्ने डरले पनि त्रसित बनाएको छ । आतङ्कित बनाएको छ । त्यसैकारण हामी सोसल डिस्टेन्सिङ्गका कुरा गर्छौं । त्यसैकारण हामी लकडाउनका कुरा गर्छौं । त्यसैकारण हामी मास्कको कुरा गर्छौं । त्यसैकारण हामी ग्लोब्सका कुरा गर्छौं । त्यसैकारण हामी कसरी बस्ने, कसरी हिड्ने, के खाने के नखाने लगायतका कुराहरू गर्छौं । यसले एउटा मानसिक सन्त्रास पनि पैदा गरेको छ । मानसिक सन्त्रास मात्रै पैदा गरेर छोडेको छैन । यसले मानिसको रोजगारी, व्यवसाय, आम्दानी हरेक कुरामा प्रतिकूल असर पारेको छ । जनता यसबाट परोक्ष, प्रत्यक्ष अनेक हिसाबले पीडित छ । यो पीडा सरकारले देखेको छ । सरकारले बुझेको छ । अहिलेको सरकारको प्रधानमन्त्रीले शहर पनि देखेको छ र गाउँ पनि देखेको छ । दुर्गम पनि देखेको छ, सुगम पनि देखेको छ । यो प्रधानमन्त्री आर्थिक हिसाबले कठिनाइका अवस्थाहरू झेलेर आएको छ । शारीरिक हिसाबले कठिनाइका अवस्थाहरू झेलेर आएको छ । अनेक अवस्थाहरू यसले अत्यन्तै प्रतिकूल अवस्थाहरू झेलेर आएको छ । जनताका समस्याहरू, गाउँका समस्याहरू, गरिबका समस्याहरू, गिट्टी कुट्नेका समस्याहरू, भारी

बोक्नेका समस्याहरूदेखि लिएर दैनिक रोजगारी गरेर गुजारा गर्नु पर्नेका समस्याहरू पनि अहिलेको सरकारको प्रधानमन्त्रीले बुझेको छ । त्यसकारण यतिकै यो सरकारले यो COVID-19 आउनभन्दा अगाडिदेखि नै नेपालमा कोही भोकै पर्दैन, कोही भोकले मर्न पर्दैन भन्ने नारा दिएको थियो । त्यसैकारण यसले एकदम तलबाट जमिनबाट सामाजिक विषमानता, समाजिक कुरुपता यस्ता कुराहरूलाई एकदम जमिनबाट त्यहाँदेखि माथि-माथिका कुरा गरेर होइन । दुई वर्षका कुरा गर्दा मैले अस्ति पनि यस सदनमा बोल्दा भनेको थिएँ । हामीले माथि-माथि मात्रै होइन । मानविय सभ्यताको स्तरलाई यी दुई वर्षमा कसरी उठाएका छौँ भन्दा सडक मानव । दुई वर्ष अगाडिसम्म तपाईंले सडकमा हिँड्दा सडकमा हिड्दाखेरि पेटीमा कहिलै कपाल नकोरेको, कहिलै कपाल नधोएको, कहिलै कपाल ननुहाएको, जिउ कहिलै ननुहाएको, शरीरभरि घाउ भएको, सडकको पेटीमा लम्पसार परेको सयकडौँ मान्छे देख्नु हुन्थ्यो । यतै पनि त्यतै पनि, जतै पनि । सडकभरि भिख मग्गाहरू, बजारभरि भिखमग्गाहरू, पसल अगाडि-अगाडि भिखमग्गाहरू त्यस्तो देख्नुहुन्थ्यो । सडक बालबालिकाहरू देख्नु हुन्थ्यो । प्लाष्टिक टिपिरहेका, कुकुरसँग झगडा गरिरहेका, कुकुरसँग मिलेर एउटै बोरामा सुतिरहेका बालबालिका देख्नु हुन्थ्यो । मान्छेका छोराछोरी २१ औँ शताब्दीका मान्छेका छोराछोरीहरू कुकुरसँगै सडकमा बेहालसँग, बेवारिसे, अभिभावकविहीन भएर ती भोकै सुतेको लम्पसार परेको तपाईँ हामीले देख्थ्यौँ । आज त्यस्तो बालबालिका देख्नु परेको छ ? त्यस्तो बालबालिका सडकमा सरकार छ हेर्नका लागि किनभने तिनको पनि सरकार हो । मैले प्रधानमन्त्री हुने बित्तिकै घोषणा गरेको थिएँ । यो जनताको सरकार हो । त्यसकारण कोही भोकै पर्दैन, कोही भोकले मर्दैन । खाना । आवास विना नेपाली अलपत्र परेर त्यसरी बस्न पर्दैन । यी दुई वर्षमा कमसेकम हामीले ती प्रबन्धहरू गरेका छौँ ।

म माननीयज्यूहरूलाई नेपाली समाजलाई भिखारी मुक्त तपाईंहरू COVID-19 सकिएपछि विभिन्न माननीयजीहरू विभिन्न देशहरूमा जानु होला । त्यहाँ आफ्ना प्रवचनहरू दिनु होला । तपाईंहरू भन्न सक्नु हुनेछ, नेपाल एउटा यो सडक बालबालिका नभएको देशबाट मुक्त भएको देश हो । भिकारी मुक्त देश हो । नेपालमा कसैले बाँच्नका लागि कसैले हात थापेर, टोकरी थापेर, एउटा पात्रो थापेर भिख मग्गा भएर गिड गिडाउनु पर्दैन कसैका लागि । कुनै महिलाले एउटा बच्चा बोकेर बाबुजी भुख लगा हे भन्नु पर्दैन । कुछ खाने कि लिए दिजिए भन्नु पर्दैन । यो अवस्था नेपालमा छैन । यो बेगर फ्रि देश हो । सडक मानवरहित देश हो नेपाल भन्न सक्नु हुन्छ । पहिलेको भन्दा हामीले जनस्तरबाट कसरी परिर्वतन ल्याएका छौँ । त्यो कुरा देख्न सक्नु हुन्छ । अहिले केही-केही समस्याहरू छन् । जो यस्तो समस्याहरू छन्, आम समस्याहरू छन् । जसलाई हामीले तत्काल समाधान गर्न सकिहाल्यौँ भन्न सक्ने अवस्था छैन किनभने यो यति फैलिएको छ । अहिले को रोजगारविहीन भयो ? त्यसको आकडा हरेक दिन त सरकारले लिन सक्दैन । को बेरोजगार भयो ? महामारी छ कोभिडको, लकडाउन हामीले केही खुकुलो गरेका छौँ । अहिले जनजीवन सहज होस् भनेर । यसको स्वास्थ्य सम्बन्धी प्रभाव,

शारीरिक स्वास्थ्य सम्बन्धी, मानसिक स्वास्थ्य सम्बन्धी, यसको सामाजिक जीवनमा, जनजीवनमा पर्ने प्रभाव, यसको आर्थिक जीवनमा पर्ने प्रभाव, यसले गर्दा पारिवारिक, छरछिमेक सम्बन्धमा पर्ने प्रभाव, अनेक प्रकारका प्रभावहरू छन् । यसको सकारात्मक योगदान हुन सक्ने कुरा भयो । यसबाट नकारात्मक हिसाबले शिक्षा लिएर हामी आत्मनिर्भर हुनु पर्ने रहेछ भन्ने कुरा शिक्षा लिन सक्छौं ।

हामी विदेशतिर दौडनुभन्दा हाम्रा खेतबारीहरू हराभरा बनाएर आम्दानी गर्न सकिन्छ । त्यतापट्टि लाग्नु पर्ने रहेछ । अन्त गयो भने भनेको बेला आउन नपाइने, अलपत्र परिने सम्भावना हुने रहेछ । त्यसकारण अन्त जाने प्रवृतिभन्दा पनि ज्ञान आर्जन गर्न, धन आर्जन गर्न केही समयका लागि बाहिर जानु एउटा कुरा हुन्छ । तर राम्रो धन आर्जन गर्न पो जाने त । खालि अरुको देशको विकास गर्न, अरुको देशको विकास गर्न हामी जाने होइन । यस सम्बन्धमा हामीले नकारात्मक रूपमा यसको शिक्षा लिन सक्छौं, सकौंला । तर यसले केही पनि सकारात्मक योगदान गर्दैन । त्यसकारण हाम्रो जनजीवनमा प्रतिकूल असर पारेकै छ । त्यसलाई हामीले बुझ्नु पर्छ र त्यसको समाधान गर्न सरकार दत्त, चित्त भएर लागेको छ । सरकार कुनै खेलबाड गरिरहेको छैन र खेलबाड गर्दैन । एउटा शब्द आजकल चलेको छ Enough भन्ने । सबैलाई कण्ठ भइसक्यो शब्द enough । मैले सडकमा पनि प्ले कार्ड हेरें । COVID-19 enough is enough के अर्थ हुन्छ यसको भनेर खोजी हेरें । COVID-19 enough is enough, COVID-19 is more than enough । यो आउनै नहुने, कसरी आयो यो ? आउनै नहुने, निषेध गर्न खोज्यौं, रोक्न खोज्यौं तर पनि आयो । यो enough मात्रै होइन । हदभन्दा पनि बढी भयो यो । चाहिँदै नचाहिएको आउनै नहुने कुरा आयो । यो त सबैले मानेका छौं  enough is enough . के हो त्यो ? यो सरकारले ल्याएको त होइन । भन्दै जाने सन्दर्भमा कतिपय माननीयजीहरूले पनि enough भएन र भनेर प्रश्न गर्नु भएको छ । हाम्रो समाज यही हो । समाजका मान्छे हामी हौं । हामी जस्तै हुन् । कोही राम्रा छन्, कोही खराब पनि छन् । त्यसैकारण हामीले कानून बनाएका छौं । सुरक्षा प्रबन्ध गरेका छौं । प्रहरी बनाएका छौं । हिरासत बनाएका छौं, जेल बनाएका छौं । जेल किन बनाएको ? नुवाकोटमा नयाँ जेल बन्दै छ । किन बनेको हो ? सम्झाएर मात्रै हुन्थ्यो, अपराध हुँदैनथ्यो । सम्झाउँदा, बुझाउँदा मात्रै भने हामी प्रवचन चलाउथ्यौं रेडियो, टेलिभिजनबाट चलाउथ्यौं । अरु ठाउँबाट प्रवचन चलाउथ्यौं । ज्ञानगुनका कुरा गुरुहरू, पण्डितहरू, जानकारहरू, धर्मशास्त्रका ज्ञाताहरू यो लोक, परलोक सबै बुझाउन सक्नेहरूका प्रवचन चलाउथ्यौं । मान्छे सप्रन्थे होला, जेल बनाउन पर्ने थिएन तर कतिपयलाई जति प्रवचन दिए पनि एउटा हिन्दीमा भनाइ छ 'भैसके आगे विन बजाए, भैस रहे पौराये ' भैसीका अगाडि विन बनाइराख्यो, भैसी चाहिँ उग्राएर बसेर ध्यान गरेर । कतिपयलाई त्यस्तै हुन्छ । सिकायो तर उसले त्यो बुझ्दैन, बुझ्न चाहँदैन, बुझ्न मान्दैन र आफ्नो गलत काम गर्छ । दुःखद् घटनाहरू घटेका छन् । तर ती दुखद् घटनाहरूप्रति सरकारको दृष्टिकोण के छ ? सरकारले कसरी लिएको छ त्यसलाई ? रुकुम घटना दुखद् घट्यो । त्यसभित्र अनेक अनुचित खालका

सोचहरू होलान्, feelings होलान्, भावनाहरू होलान् तर गलत क्रियाकलाब हुँदै हो । कसरी भयो ? के भयो ? जसरी भए पनि मानिसहरू मारिए । यसमा सरकारमाथि हमला गर्नु पर्ने विषय, सरकारले त्यहाँ त्यसरी घटना घटाएको हो र ? सरकारले के गरेको छ त्यसमाभन्दा तत्काल मानिसहरू गिरफ्तार गरेको छ, मुद्दा चलाएको छ, थुनेको छ । अब गर्नु पर्थ्यो के त सरकारले ? अपराधी बचाउन खोजको छ र सरकारले ? गिरफ्तार गर्न लापरबाही गरेको छ र सरकारले ? अथवा त्यो घटना राम्रो भयो भनेको छ र सरकारले ? अथवा सामान्य घटना हो भनेको छ र सरकारले ? यस्तो हुनु ठुलो कुरो होइन भनेको छ र सरकारले ? सरकारले यो नराम्रो कुरा हो । हुनै हुँदैनथ्यो र यस्तो अपराधिक घटना गर्नेहरूमाथि कारबाही गरिन्छ भनेको छ । तुरुन्त सुरक्षा निकायहरूले कदम चालेका छन् । मान्छे गिरफ्तार गरेका छन्, अपराधी गिरफ्तार गरेका छन् । छानबिन गरेका छन् । अझ गम्भीरताका साथ संसदले छानबिन समिति बनाएर संसदीय छानबिन समिति नै मैदानमा, कहीँ सरकारी तबरबाट मात्रै छानबिन उपयुक्त हुँदैन कि अझ संसदीय छानबिन पनि उपयुक्त आवश्यक छ कि भन्ने भएपछि हामीले संसदीय छानबिन समेत गराइरहेका छौँ ।

अनि यसमा सरकारको आलोचना गर्नु पर्ने ठाउँ कहाँ नेर छ ? एक ठाउँमा यो क्वारेण्टिनमा महिलालाई आइसोलेटेड ढङ्गले राख्नु पऱ्यो । एक जना महिला हुनुहुथ्यो । आइसोलेटेड ढङ्गले राख्नुपर्ने राखियो । त्यहीबाट खटाएका व्यक्तिहरू एक जना होइन, तीन जना खटाएका त्यतिमा त लाज सरम पनि हुनु पर्ने मान्छेलाई तर अब मान्छे नभएपछि तिनीहरूलाई पशु भन्न मिल्दैन किनभने पशु त्यति घटिया हुँदैन । पशुले त्यस्तो घटिया व्यवहार गर्दैन । त्यस प्रकारका अपराधिक प्रवृतिका मान्छेहरू पनि हुँदा रहेछन् । त्यसको precaution नगरिएको होइन । एक जना मात्रै खटाएको भएदेखि एक जना महिलाको ठाउँमा एक जना पुरुष किन खटाइएको हो ? किन सुरक्षाको अलि ध्यान दिइएन भन्ने कुरा उठ्थ्यो ? दुई जना खटाएपछि पर्याप्त हुनु पर्ने, तीन जना खटाएको छ । तर तीनै जना अपराधिक मनोवृत्तिका कुकर्मीहरू निस्किए । बुहत दुःखको कुरा हो त्यो । मानव जातिका निम्ति एउटा कलङ्कको घटना हो, प्रवृत्ति हो । त्यो प्रवित्ति र त्यो व्यवहार अत्यन्तै जति निन्दा गर्दापनि कम हुन्छ । दण्डनीय हो र सरकारले उनीहरूलाई गिरफ्तार गर्ने, दण्ड दिने काम तत्काल प्रारम्भ गरेको छ । सरकारले गराएको घटना होइन त्यो । सरकारले कसरी लिएको छभन्दा यो निन्दनीय घटना हो । नहुनु पर्थ्यो, दुःखद् घटना हो र यस अपराधलाई क्षमा गर्न सकिँदैन अक्षम्य । त्यसकारण यसलाई कारबाही गर्नु पर्छ । सरकारले कारबाही गरेको छ । यसतर्फ सरकारको ध्यान नगएको होइन । त्यसकारण अब सरकारले गर्नु पर्थ्यो के त ? गिरफ्तार गर्ने, कारबाही गर्ने बाहेक भन्न सकिन्छ अझै धेरै सुरक्षाकर्मी राख्नु पर्थ्यो । हामीसँग सुरक्षाकर्मी कति छन् ? कहाँ-कहाँ हामीले कति खटाएका छौँ । कत्रो भेल मानिसहरूको आएको छ ? कति ठाउँमा सुरक्षाकर्मीको कत्रो-कत्रो टुकडी हामीले खटाएका छौँ र त्यो हरेक ठाउँमा पुग्न सक्छ कि सक्दैन ? ती कुराहरूलाई पनि हामीले ध्यान दिनु पर्छ । त्यहाँ गस्ती गर्ने कुराहरू भएको छ, अरु कुराहरू भएको छ तर

त्यस्तो मौका पारेर उनीहरूले अपराध गरे जसप्रति सरकार अत्यन्तै कडा दृष्टिकोणका साथ त्यस निन्दनीय घटनामा संलग्नहरूलाई हदैसम्मको कारबाही गर्छ । यसमा सरकारले कुनै लापर्वाही गऱ्यो भन्ने कुरा होइन । लापर्वाही गर्दा पनि गर्दैन र सरकार समाजलाई एउटा सभ्य, सुसंस्कृति समाज बनाउन चाहन्छ । नेपाल एउटा सभ्य, सुसंस्कृति सभ्यताबाट गुज्रेर आएको र सांस्कृतिक उन्नति विकास गरेर आएको समाज हो । तर कोही-कोही मानिसहरू अमानवीय, दानवीय त्यस्ता खालका प्रवृत्तिका अपराधिक प्रवृत्तिका व्यक्तिहरू फेरि पनि समाजमा हुन्छन् । यो कुरा देखिराखेको छ । त्यसकारण सजकता अपनाउनु पर्छ, सतर्कता अपनाउनु पर्छ । कसैले अपराध गऱ्यो नि, त्यस्ता अपराध गर्नेहरूलाई कडाभन्दा कडा कारबाही गर्नु पर्छ अपराध हेरिकन । त्यस्ता विषयहरूमा सरकार संवेदशील छैन कि भन्ने कुनै ठाउँ छैन ।

सरकार शान्ति सुव्यवस्था, जनताको जिउधनको रक्षा हामीले भनेका छौं । हामीलाई सबभन्दा बढी जनताको ज्यानको सुरक्षाको त्यो चाहे रोगका कारणले होस्, चाहे भोकका कारणले होस् । रोग वा भोक दुईटैबाट जनतालाई सुरक्षित राख्ने, जनताको सुरक्षालाई महत्व दिने, जनताको सम्मान, जनताका अधिकार कहींबाट नखोसिउन् । जनताको जीउ, धन लगायतको सुरक्षा र सम्मानको रक्षा यी सबै कुराहरूमा सरकार सजक छ । सरकार एउटा पक्षमा अथवा जसो हुँदै जान्छ त्यसो होइन । योजनाबद्ध ढङ्गले सरकारका आफ्ना नीतिहरू छन्, कार्यक्रमहरू छन् । ती बहुतै स्पष्ट नीति र कार्यक्रमहरू छन् । यो प्रगतिशील सरकार हो, यो जनताको सरकार हो, यो देशभक्त सरकार हो, यो जनमुखी सरकार हो र यो समाजवाद उन्मुख सरकार हो । यसले सामाजिक न्याय र समानताका विषयहरूलाई गम्भीरताका साथ लिने र न्याय र समानता सहितको समृद्धि यसको लक्ष्य हो । त्यसैकारण “समृद्ध नेपाल सुखी नेपाली” भनी हामीले भनेका छौं । असाधारण र अभूतपूर्व प्रगति बितेका दुई वर्षमा सरकारले गरेको छ । त्यसको व्याख्या म पहिले पनि गरिसकेको छु । अहिले दोहोऱ्याउन र समय लिन चाहन्नँ ।

माननीयजीहरूले उठाएका मूल प्रश्नहरू मैले हेर्दा यिनै कुराहरूको सेरोफेरोमा माननीयजीहरूले प्रश्न उठाउनु भएको छ । मलाई लाग्छ मुख्य रूपमा यिनै प्रश्नहरूको सेरोफेरोमा COVID-19 अथवा शान्ति सुरक्षा अथवा बजेट विनियोजन जस्ता कुराहरू अथवा टेष्टका कुराहरू अथवा क्वारेण्टिनका कुराहरू यिनै कुराहरूको सेरोफेरोमा माननीयजीहरूका प्रश्नहरू छलफलका क्रममा आएका थिए । जिज्ञासाहरू पनि आएका थिए र म अर्को कुरा अलिकति यस सन्दर्भमा भन्न चाहन्छु ।

आज केहीबेर अगाडि मात्रै यस गरिमामय सदनले जसरी हामीले आफ्नो अतिक्रमित भूमि समेतलाई समेटेर नक्सा नेपाल सरकारले प्रकाशित गरेको थियो नयाँ नक्सा । त्यस अनुसार हामीले हाम्रो प्रतिक चिह्नमा अथवा हाम्रो निशान छापमा संशोधन गर्न जरुरी थियो संविधानको अनुसूचि-३ संशोधन गर्न जरुरी थियो । यसमा प्रतिनिधि सभामा पनि व्यापक

राष्ट्रिय सहमति देखापरेको थियो र विपक्षमा आवाज पनि आएन, विपक्षमा मतदान पनि भएन । राष्ट्रिय सभाबाट त्यस्तै जुन solidarity देखिएको छ, एक्येवद्धता देखिएको छ र एक भएको छ र राष्ट्र एउटा नयाँ उचाइ, नयाँ उपलब्धि इतिहासमा यस ढङ्गले सर्वसम्मत बनेको छ । एक ठाउँमा राष्ट्र उभिएको छ । देशलाई परेकोबेला नेपाल एक ठाउँमा उभिन्छ । नेपालीहरू एक ठाउँमा उभिन्छन् । राष्ट्रिय एकता कायम गर्छ । नेपालमाथि कसैले कुनै प्रकारको अन्याय गर्न खोज्यो भने त्यो सम्भव छैन । नेपालीहरूलाई विभाजित गर्न खोज्यो भने त्यो पनि सम्भव छैन । अरु साधारण कुराहरूमा खुद्रा मसिना कुराहरूमा नेपालीहरू भिन्न-भिन्न राय, अभिमत जाहेर गर्लान् तर राष्ट्रिय महत्वका विषयहरूमा राष्ट्रिय एकता प्रदर्शन गर्दछन् भन्ने जुन अभूतपूर्व एकता देखाएको छ । त्यसमा यस सदनले केही समय अगाडि गरेको निर्णयका लागि म सबै माननीय सदस्यहरू, सम्माननीय अध्यक्षज्यू लगायत सबै यस सभाका सदस्यहरू समेतमा हार्दिक धन्यवाद भन्न चाहन्छु । धेरै-धेरै धन्यवाद छ साथीहरूलाई, अब यदि मैले अझै पनि केही कुराहरू स्पष्ट रहेनन् भन्ने लाग्यो भने अथवा केही कुराहरूमा थप स्पष्टता आवश्यक छ भन्ने लाग्यो भने त्यस सम्बन्धमा स्पष्ट मैले पार्ने नै छु । मैले प्रतिनिधि सभामा यस सम्बन्धमा बोलेका कुराहरू पनि माननीयजीहरूले सुन्नु भएको छ । त्यसकारण यहाँ मैले अरु थप भनिरहनु पर्ला जस्तो लाग्दैन । अवश्य नै माननीयजीहरू स्पष्ट भएको हुनुपर्छ । यदि थप केही छ भने पनि म सुन्न र त्यो म स्पष्ट पार्न तयार छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिनु भएका माननीय सदस्यहरूले मात्रै स्पष्टीकरण माग गर्न पाउनु हुने व्यहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय प्रमिला कुमारी ।

**माननीय प्रमिला कुमारी (समाजवादी पार्टी)**:- सम्माननीय अध्यक्ष महोदय, महोत्तरी जिल्लाको सम्सी गाउँपालिकामा हिजो मात्रै २४ घण्टामा ५७५ जना सङ्क्रमित भएका छन् । यसरी तीव्र गतिले COVID-19 को सङ्क्रमण community transmission भइरहेको अवस्थामा WHO को मापदण्ड अनुसार क्वारेण्टाइन व्यवस्थापन गर्न, ७ वटै प्रदेशको हरेक परिवारबाट कम्तीमा एक जनालाई पीसीआर टेष्ट गर्न र अन्य व्यवस्थापन गर्न प्रधानमन्त्रीको कार्यालयमा अनावश्यक खर्चको लागि गरिएको विनियोजित बजेटलाई COVID-19 रोकथामका लागि

विनियोजन गर्दा वेश हुन्छ । यसमा सम्माननीय प्रधानमन्त्रीज्यूको धारणा जान्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थ ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् सम्माननीय प्रधानमन्त्रीज्यूलाई मेरो जिज्ञासा question छ हामीले भनेको पनि प्रधानमन्त्री मुलुककै कार्यकारी प्रमुख हो । सबै मन्त्रालय, विभागहरू प्रधानमन्त्री मातहत छँदैछन् । तसर्थ कुनैलाई नजिक कुनैलाई टाढा राख्नु भएन भन्ने नै हो । यो कुरामा हामी धेरै नजिक आइसक्यौं । अब अरु कोरोना लागेर बितेका १९ जनाको त हिसाब किताब आयो । तर बाँकी हजारौं मानिसहरू जो अब उपचार नपाएर बिते, कोही प्रसुति हुन नसकेर बिते, बाँकी थुप्रै मानिसहरू मानसिक निरासाका कारण आत्महत्या गरेर मरे । यिनीहरूको हिसाब किताब चाहिँ कहीँ पनि देखिएन । यसतर्फ पनि मैले सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय अनिता देबकोटा ।

**<u>माननीय श्री अनिता देबकोटा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत् म सम्माननीय प्रधानमन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु । अहिले क्वारेण्टाइन अत्यन्तै अव्यस्थित छ । क्वारेण्टाइनमा बिरामी नभएका पनि बिरामी हुने अवस्था छ र सुरक्षाको प्रत्याभूति छैन । त्यसैले त्यो महिलाहरू जुन क्वारेण्टाइनमा राखिन्छ । तिनलाई विशेष सुरक्षाका साथ राख्नु पर्छ भन्ने मलाई लागेको छ । यसमा विशेष ध्यान जाओस् भनेर म प्रश्न गर्न चाहन्छु । त्यसैगरि प्रधानमन्त्रीज्यूले मुगुमा अभिभावकत्व लिएका विद्यार्थीहरू अहिले भर्चुअल शिक्षाको कुरा गरिरहेको छ । स्कूल क्वारेण्टाइन छ । विद्यार्थीको घरमा रेडियो पनि छैन, टेलिभिजन पनि छैन । भर्चुअल शिक्षा आकाशको फल आँखा तरी मर भन्ने स्थिति छ । के छ प्रधानमन्त्रीज्यूको यस बारेमा ? त्यस्तै अरु विद्यार्थीको बारेमा ।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीलाई समय उपलब्ध गराउँछु ।

**सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीः**- सम्माननीय अध्यक्ष महोदय, महोत्तरीको घटना भन्नुभयो क्यारे ५ सय ७५ जना हिजो मात्रै सङ्क्रमित भए भनेर । सङ्क्रमित हिजो मात्रै भएका होइनन् । सङ्क्रमित फेला परेका हिजो हो । त्यहाँ मात्रै फेला परेको सङ्ख्या यो हिजो होइन । यो महोत्तरीको सङ्ख्या हुनसक्छ । हिजो मात्रै त देशभरिका क्वारेन्टाइनहरू वा अन्यत्रबाट गरिएका परीक्षणमा ५ सय लगभगको सङ्ख्या हिजो मात्रैको सङ्ख्या चाहिँ त्यहाँको मात्रै त्यो हुन सक्दैन । परीक्षणबाट प्राप्त भएको रिजल्ट पनि । तर जे होस् सङ्ख्या बढिराखेको छ र त्यसलाई नियन्त्रण गर्न सरकारले गम्भिरताकासाथ ध्यान दिइराखेको छ, दिन्छ नै । र प्रदेश नम्बर २ का महोत्तरी वा रौतहट जस्ता जिल्लाहरूमा थप पीसीआर मेसिन पठाउनु पर्ने, स्वाव टेष्ट गर्नुपर्ने, परीक्षण गर्नुपर्ने र क्वारेन्टाइनको उचित प्रबन्ध गर्नुपर्ने आवश्यकता त्यहाँमात्रै होइन विभिन्न ठाउँमै छ । क्वारेन्टाइनको डब्लूएचओको मान्यता अनुसार । त्यस अनुसार हुन नसकेको कुरा मैले अघि नै भने कि यति ठूलो फ्लो आयो मानिसहरूको । जसबाट त्यति क्वारेण्टाइन, हामी अनुमान गरौँ कि २ लाख ४४ हजार मान्छे १ महिनामा आउँछ भने २ लाख ४४ हजार मान्छे बस्नका लागि क्वारेण्टाइन निर्माण गर्न कति समय लाग्छ ? कुनै पनि देशले सक्या छैन । कुनै पनि देशले । अमेरिकाले पनि सकेको छैन, रुसले पनि सकेको छैन, कसैले पनि सकेको छैन । र आइसोलेशनमा राख्दाखेरि पनि उनीहरूले इटाली जस्तो देशले पनि सडकमा लगेर राख्नुपर्‍यो । आइसीयूको सेवा सडकबाट दिनुपर्‍यो । भेन्टिलेटरमा बस्नु पर्ने अवस्था पर्‍यो भने ल्याउनु नत्र हस्पिटलमा ठाउँ पनि छैन । नल्याउनु बिमारी आइसोलेशनमा बस्नु भनेर विकसित देशहरूले पनि घर पठाउने स्थिति बन्यो । हामीले अझ त्यस तहमा हात उठाइसकेका छैनौँ । अब भगवानको भरोसा छ, अब हामीबाट केही पनि हुन सक्दैन भनेर विभिन्न देशका कार्यकारी प्रमुखले भनेको र लाचारी प्रकट गरेको हामीले देखेका छौँ । हामीले त्यस्तो गरेका छैनौँ । हामी नियन्त्रण गर्न सक्छौँ । र अहिलेको अवस्थामा जस्तो मैले यहाँ आँकडाहरू सुनाएँ । पहिले जुन जेठको महिनामा जुन आँकडाको स्थिति थियो । असारको पनि मैले १,२,३ गतेको सुनाएँ । त्यसले ७ हजारको असापासमा ३ दिनमा पहिले जेठको महिनामा या चैतदेखिको हेर्ने हो भने ७ हजारको छ । जेठको महिना मात्रै हेर्ने हो भने त्योभन्दा बढीको छ दैनिक । त्यस्तो स्थितिमा अहिले अलि तल झरेको छ र हिजोको आँकडा अनुसार लगभग २ हजारमा झरेको छ आउनेहरूको सङ्ख्या । यस ट्रेनलाई हेर्दाखेरि हामी साउनको अन्त्यतिरसम्ममा यसको पिक हुने अनुमान गर्न सक्छौँ । अथवा भदौको सुरुतिर र यो त्यसपछि ओरालो लाग्छ र हामी यसलाई क्रमशः नियन्त्रण गर्न सक्छौँ । तर अर्को कुरा के छ भने हामीलाई पनि बुझ्नु पर्‍यो । हाम्रा आनिबानी पनि बुझ्नु पर्‍यो । हाम्रा संस्कार पनि

बुझ्नु पऱ्यो । त्यसले गर्दा दशैं, तिहार र छठजस्ता चाडहरू आउँदैछन् । सधैं यी चाड रमाइला हुन्थे हाम्रा लागि । यसपल्ट यी चाडहरूले फेरि सङ्क्रमण बढाउँछन् भन्ने पनि अवस्था छ । त्यस कारण यो खतराबाट हामी कति जोगिन सक्छौं । यदि यस खतराले फेरि अलिकति हाम्रो ग्राफ बढाइदियो भने हामीले मङ्सिरमा ग्राफ फेरि अलिकति उधो झर्दै गएको ग्राफ चाहिँ फेरि अलिकति मास्तिर जान सक्छ र मङ्सिरको अन्तिमतिरबाट हामीले त्यस ग्राफलाई फेरि तल लान सक्छौं । र पुस, माघसम्ममा हामी यसलाई नियन्त्रण गर्न सक्छौं । फागुनको महिना सम्भवतः नियन्त्रणको महिना हुन्छ तर हामीले सङ्क्रमितहरूलाई आउन सहज ढङ्गले नदिने, भारतको सीमाबाट ह्वारह्वारी आउन नदिने स्थिति, अथवा छिरेर कोही उम्केर जान नपाउने स्थिति, त्यसबेलासम्म उपयुक्त क्वारेन्टाइनको पनि हामीले व्यवस्था गरिसक्ने अवस्था र बाहिरबाट आउनेलाई पनि क्वारेन्टाइनमा राख्ने अवस्था, कोही पनि उम्किएर चाहिँ समुदायमा जान नसक्ने स्थिति । त्यो बनायौं भने हामीले अहिलेसम्मको हामीले गर्ने टेष्टिङ्ग अथवा हामीले सङ्क्रमितहरूको गर्ने टेष्ट यी सबै कुराहरूलाई हामीले उपयुक्त ढङ्गले गर्न सक्छौं र यसको रियालिष्टिक ढङ्गले हामीले हेर्दाखेरि असोज, कार्त्तिक यो पारो घटेर धेरै तल जाने स्थिति पनि छ । अहिले बढे पनि हामीले यसलाई साउनसम्ममा नियन्त्रण गर्न सक्छौं किनभने सङ्क्रमितहरू आउने सङ्ख्याको कमी जसरी जुन मात्रामा भएको छ त्यसलाई हेर्दाखेरि हामी त्यो देख्न सक्छौं ।

एउटा चाहिँ यो प्रधानमन्त्री कार्यालयका लागि मातहतका कार्यालयहरूमा छुट्याएको अनुपयुक्त बजेट कोरोनामा लगाऔं भन्ने । यो चाहिँ के भन्नुभएको हो मैले बुझिनँ । अनुपयुक्त बजेट विनियोजन गरिएको छैन, प्रधानमन्त्री कार्यालय मातहत कुनै पनि ठाउँमा अनुपयुक्त बजेट । अब प्रधानमन्त्री कार्यालय भनेपछि यसै सुन्दै रिस उठ्ने हो भने त कुन्नि । त्यस्तो रिस उठ्नु हुँदैन । सुन्दै रिस उठ्नु पर्ने कुरा होइन त्यो । आजको छ भन्ने, कसको सरकार छ भन्ने होइन तर जसको भए पनि प्रधानमन्त्री पनि चाहिन्छ देशलाई । प्रधानमन्त्रीको कार्यालय पनि चाहिन्छ । आज कोही मन नपर्ला तर पनि त्यहाँ गरिएको विनियोजन चाहिँ अनुपयुक्त छ भन्ने त्यस्तो होइन । त्यस कारण कोरोनामा लगाउन बजेट हामीले व्यवस्था गरेकै छौं । हाम्रो क्षमता अनुसार । हामीले के बुझ्नु पर्छ भने यो बडो फेस नै चल्याछ । यहाँ माननीयज्यूहरूले मात्रै भन्नु भएको होइन यो । अरुले पनि भन्छन् प्रधानमन्त्री कार्यालय मातहतका निकायहरूमा गरिएको अनावश्यक खर्चको विनियोजन जुन छ त्यो चाहिँ कोरोनामा लगाइयोस् भनेर । त्यो प्रधानमन्त्री कार्यालय मातहतको यो फेसन जस्तो कुरा होइन यो । त्यस कारण म आग्रह गर्न चाहन्छु त्यस्तो अनुपयुक्त बजेट, अनावश्यक बजेट त्यहाँ विनियोजन गरिएको छैन । कोरोनाको लागि उपयुक्त बजेट आवश्यक बजेट विनियोजन गरेर हामी नियन्त्रण गर्छौं । त्यसो गर्दा कुनै संस्थाप्रति या त्यसभित्र पनि कुनै राजनीतिक आग्रह जस्तो कुराहरू झल्किनु वाञ्छनीय हुँदैन । म त्यतापट्टि माननीयज्यूहरूको ध्यानाकर्षण गर्न चाहन्छु । मैले अघि पनि भनें कोरोनाले कुनै पनि सकारात्मक योगदान गरेन ।

अर्को माननीयज्यूले गर्नुभएको प्रश्न छ, यसले गरेन नै । र यसले शारीरिक बिरामी मात्रै होइन मानसिक बिमारी पनि, त्रासको स्थिति पनि । जसले गर्दाखेरि मानिसहरू डिप्रेशनमा जाने । डिप्रेशनको एउटा अनेक लक्षण हुन्छन् डिप्रेशनका । त्यो लक्षणमध्ये एउटा लक्षण हो, मरौँ मरौँ लाग्ने । एउटा डिप्रेशनको लक्षण हुन्छ मरौँ मरौँ लाग्ने । त्यो डिप्रेशनको लक्षणबाट मानिसहरूले आत्महत्या गर्छन् । सद्ये मान्छेले आत्महत्या गर्न सक्दैन । जबसम्म मान्छे डिप्रेशनमा गएको छैन । या सद्ये छ, ज्यानको माया लाग्छ । जैविक प्रवृत्तिमध्ये पहिलो प्रवृत्ति हो जीवन रक्षा । पहिलो प्रवृत्ति जैविक प्रवृत्ति नै हो । मानवीय मात्रै होइन । जुनसुकै जीव, जुनसुकै जन्तु, जुनसुकै जनावर, जुनसुकै कीट, जुनसुकै पतङ्ग । हरेक बाँच्न खोज्छ । कहिले कहिले हामी उपियाँ देख्छौँ । त्यसलाई यसो औँलाले थिच्न खोज्नुस् । तपाइको औँलो त्यहाँ जाने बित्तिकै छड्केतिर फुत्त उफ्रिन्छ । फेरि अर्को ठाउँ यसो थिच्न खोज्नुस् अर्कोतिर फुत्त उफ्रिन्छ किनभने त्यो बाँच्नका लागि । मैले खाना खाँदाखेरि कहिले-कहिले बाहिर ब्रेकफास्ट गर्दा या खाना खाँदाखेरि बाहिर बरण्डामा खान्छु । बरण्डामा खाएपछि काग मसँग खानेकुराको सम्बन्धमा अलिकति लडाइँ गर्न आउँछ । मलाई पनि भोक लाग्या छ । आफै मात्र एक्लै बसेर खाने ? लेऊ खाना भन्न आउँछ त्यो । मैले खाना दिन्छु तर ऊ जबसम्म सुरक्षित छु, मसँग जालझेल भएको छैन । धोका भएको छैन भन्ने यकिन हुँदैन तबसम्म मैले खाना दिएको हुन्छु, खाँदैन । किनभने यसले मलाई कुनै ट्रिक त गरिराख्या छैन ? यति नजिकै खान दिया छ कसरी खाने ? म खाना समाउन खोज्दाखेरि उसले मलाई समात्यो भने म के गर्ने ? उसले शङ्का गर्छ । यकिन गर्दैन । भने उसले विचार गर्छ यो ज्यान खतरामा राखेर खान काम छैन । भोक लागे पनि बरु भोकै बस्छु । बाँचियो भने त भरे अन्त पनि त पाइन्छ खानेकुराहरू खाउँला । यहीँ मरियो भने त गइयो । के खाने र ? अर्थ के भो र ? त्यस कारण बाँच्ने पहिलो कुरा हो भन्छ र खान मान्दैन अनि अलि परतिर सारिदिएपछि अब म सुरक्षित छु भन्छ र अनि खान्छ । सुरक्षा पहिलो कुरा हो । त्यस कारण पछि-पछि त्यो विश्वस्त हुँदै-हुँदै अहिले चाहिँ नजिकै आएर त्योसँगै मात्रै होइन कि खोसेर खान खोज्छ कहिले । ऊलाई विश्वास भयो कि यसले मार्दैन । यसले कुनै पासो थाप्दैन । जालझेल गर्दैन भन्ने भएपछि त्यो अलिकति ट्रेण्ड घरेलुपन त्यसमा आएको छ । तर पनि ऊ पूर्णयकिन चाहिँ गर्दैन फेरि पनि । हेर्छ, अनुहार हेर्छ, हात हेर्छ, हात चलाइ हेर्छ । उसको खाना मुखतिर नै लग्या छ कि मतिर ल्याउन खोज्दैछ ? त्यो हेर्छ । उतिर हात यसो गर्‍यो भन्देखि फुत्त पर सरिहाल्छ । यो जैविक प्रवृत्ति मानिसमा हुन्छ । त्यस कारण मान्छे झन् सचेत हुन्छ । मर्न चाहँदै चाहँदैन । आत्महत्या गर्नै सक्दैन । बाँच्ने प्रवृत्ति मानिसको मात्रै होइन जैविक हो र जीवमा पनि त्यो हुन्छ भने मान्छे त झन् सचेत । ऊ चाहिँ बाच्न चाहन्छ । बाँच्न खोज्छ । त्यस कारण जब मान्छेले आत्महत्या गर्छ तब बुझ्नु पर्छ । पीडाले मर्‍यो, के भएर मर्‍यो ? कसो भएर मर्‍या भने पनि । त्यस पीडाले उसलाई पहिले डिप्रेशनमा लान्छ र डिप्रेश भएपछि मात्रै उसमा मर्ने प्रवृत्ति सुरु हुन्छ र हावी हुन्छ । जब मर्ने प्रवृत्ति, मरुँ-मरुँ लाग्ने प्रवृत्ति हावी हुन्छ । तब उसले आत्महत्या गर्छ । त्यसकारण हामीले साइकोलोजिकल ढङ्गले ट्रिट गर्ने, काउन्सिलिङ्ग गर्ने त्यस्ता बेलामा जरुरी छ । त्यसै कारण हामी भनिरहेका छौँ कि मानिसलाई

टेरर हुने गरी, टेरर राइज हुने गरी होइन । सतर्क हुने गरी कुरा गरौँ । हामी पनि सतर्क बसौँ, आतङ्कित नबनौँ । कोरोनाबाट सतर्क बसौँ । आतङ्कित नहोऔँ । यो खराब हो, यसले मार्न पनि सक्छ तर त्यसबाट हामी बाँच्न सक्छौँ, सर्न नदिन सक्छौँ, सतर्क रह्यौँ भने । त्यसकारण आतङ्कित नबनौँ, आतङ्कले डिप्रेशनमा लान सक्छ । यस्तो कुराहरू थुप्रै भएको छ डिप्रेशनले । अब कोरोनाको कारणले डिप्रेशन भएको हुन सक्छ । अथवा कोरोनाको समयमा भएका अन्य गतिविधि, अन्य क्रियाकलाप, अन्य हिंसाजन्य कुराहरू अथवा अरु प्रकारका मानसिक दबाबहरू सिर्जना भएर पनि डिप्रेशनमा गएको हुन सक्छ र आत्महत्या भएको हुन सक्छ । तर त्यो लकडाउनका कारणले होस्, अरु कारणले होस्, कोरोना लाग्ला भन्ने डरले होस् अथवा लकडाउनको फाइदा लिएर कसैले सबलले दुर्बललाई पीडा दिएको होस्, बाँच्न कठिन बनाएको होस्, मर्यादित जीवन जिउन नदिएको होस् ।

जे सुकै कारणले भएको भए पनि त्यस्ता कुराहरू हुने गरेका छन् । जसप्रति सरकार अत्यन्त संवेदनशील छ । सामाजिक काउन्सिलिङ्ग गर्ने कुरा, आतङ्कित नहुने कुरा, समाजलाई सभ्य र मर्यादित ढङ्गले चलाउनु पर्छ । हामी मानज जाति सभ्य हुनुपर्छ, परपीडक होइन, सहयोगी हुनु पर्छ भन्ने असल चेतनाका कुराहरू सम्प्रेषण गर्ने र मानिसलाई कोरोनाबाट पनि त्यही ढङ्गको सजकता दिने आतङ्क होइन । त्यस सम्बन्धमा पनि हामीले प्रयास गरेका छौँ । सञ्चार माध्यमहरूलाई पनि हामीले भनेका छौँ कि सञ्चार माध्यमहरूले सचेत बनाउने, त्रसित बनाउने होइन । मान्छेलाई उच्च मनोबलको बनाउने, आतङ्कित होइन । उच्च मनोबल कि हामी सर्नबाट रोक्न सक्छौँ, जोगिन सक्छौँ । सरिहाल्यो भने पनि त्यसलाई पराजित गर्न सक्छौँ । नेपालीमा इमुन सिष्टम धेरै राम्रो छ भनेर मैले धेरै पटक सकारण भनेको छु । सकारण त्यसका तर्कहरू छन् । कतिपयले इमुन सिष्टम बुझेका छैनन् । नेपालीहरूमा असाधारण इमुन सिष्टम छ । एकाध उस्तै कमजोर भएका मान्छे, इमुन सप्रेस गरेका मान्छे, त्यस्तोहरूलाई मात्रै खतरा हुन सक्छ । नत्र भने साधारणतया भन्ने हो भने नेपालीहरूमा जुन इमुन सिष्टम छ त्यो लागेर पनि त्यो त्यसले लगिहाल्न सक्छ भन्ने कुरा छैन, होइन । त्यसै कारण ७,१७७ जना सङ्क्रमित हुँदा जम्मा २० जना त्यो पनि अन्य रोगले गर्दा यो कोरोना लागेपछि अब WHO को भनाइ अनुसार हामीले एउटा त्यो मापदण्डलाई मान्नु पर्ने त्यो लागेपछि त्यसैको टाउकोमा हाल्दिनु पर्ने भएको हुनाले यो २० को सङ्ख्या भएको हो । अझै पनि म त्यो दोहोऱ्याउन चाहन्छु । त्यो कुरा सत्य हो र नत्र भने हाम्रो साह्रै सानो सङ्ख्या होला । यति हामीले १,१६७ जना त निको पारेर घर पठाइसकेका छौँ । अर्थात् यो निको हुँदोरहेछ । यो निको हुन्छ । एक, दुई जना बितेको भए पनि १,१६७ जना त निको भएर घर गए । अथवा निको भएर घर जान्छन् । ८१/८२ वर्षको उमेरको ज्येष्ठ नागरिक महिला निको भएर घर जानु भयो । ६४ वर्षको ब्लड प्रेसर भएका बिरामीहरू, उच्च रक्तचाप भएका बिरामीहरू, दमका बिमारीहरू अरु विभिन्न बिरामीहरू भएका बिरामीलाई गाह्रो पर्छ भनेको पनि नेपालमा त्यस्तै बिरामी खोइ म त दमको बिमारी थिएँ, यस्तो थियो तर पनि उच्च रक्तचाप पनि थियो तर मज्जाले तातो पानी खाने गरे

निको भएर पो आएँ भन्ने बुढाबुढीहरू हामीले भेटिराखेका छौँ । त्यस कारण नेपालीहरूमा इमुन सिष्टम धेरै दह्रो छ र हाम्रो उपचार पद्धति, प्रवृत्ति पनि भरसक राम्रो छ । तर यसको औषधि छैन । त्यस कारण पर्खने र प्रतिरोध गर्ने नै यसको त्यसका निम्ति कसरी प्रतिरोध क्षमता बढाउने यस सम्बन्धमा मैले प्रतिनिधि सभामा भनैँ सायद राष्ट्रिय सभामा पनि अगाडि पनि मैले बोलेँ होला कसरी इमुन सिष्टम चाहिँ दह्रो हुन्छ, दह्रो बनाउन सकिन्छ भन्ने कुरा ५ वटा टिप्सको बारेमा मैले कुरा गरेँ होला । सन्तुलित र औषधिमय हाम्रो खाना त्यसलाई समय अनुसार सन्तुलित ढङ्गले मिलाएर खाने कुरा । हाम्रो बासी खाने कुरा, फ्रिजमा राखेर अनेक दिनसम्म खानेभन्दा दैनिक बिहान-बेलुका नै पकाएर खाने । जतिबेला खान पर्‍यो, त्यति बेला पकाएर खाने प्रवृत्ति त्यो हाम्रो धेरै राम्रो कुरा छ । त्यसले इमुनलाई राम्रो गर्छ ।

अर्को हामी शारीरिक श्रम गर्छौं, व्यायाम गर्छौं, योगा गर्छौं । त्यसकारण हामी स्वस्थ छौँ । यस धर्तिमा योगा हाम्रा पूर्वजहरूले खालि शारीरिक व्यायाम मात्रै होइन । प्रणायाम समेत, यो प्रणायामले शारीरिक व्यायम मात्रै होइन । श्वासप्रश्वासलाई नियन्त्रित, दौडिएर काम गरेर स्वाँ-स्वाँ हुन सक्छ । सास बढ्न सक्छ दौडिदा तर त्यो नियन्त्रित स्वास प्रणाली, त्यसको नियन्त्रित र पर्याप्त फोक्सो खाली गर्ने देखि मर्याप्त फोक्सो भर्नेसम्मको यो स्वाँ-स्वाँ, फ्याँ-फ्याँको हिसाबले मात्रै होइन । यसलाई नियमित नियन्त्रित गर्ने जसबाट मस्तिष्कमा पर्याप्त अक्सिजन, मुटुमा पर्याप्त अक्सिजन जस्ता कुराहरू पुऱ्याउछ । जसले सम्पूर्ण शरीरमा रक्त सञ्चारद्वारा अक्सिजन पुऱ्याउँछ र मान्छे ताजा हुन्छ । यी सब काम हाम्रा पूर्वजले अनुसन्धान गरेका थिए । त्यसकारण यो हामी कहाँ, त्यसैगरेर आरामका कुरा मैले गरेको थिएँ । त्यसै गरेर स्वस्थ ती कुराहरू मैले भनेको थिएँ । सकारात्मक सोच राख्नु पर्ने कुराहरू, उच्च मनोबल राख्नु पर्ने कुराहरू अब । कोरोनाले छोयो भन्ने बित्तिकै मर्छु, अब गएँ म भन्ने ठान्यो भनेदेखि त बाँच्न पनि गाह्रो हुन्छ । कोरोना भनेको एउटा रुघाखोकि जस्तो लागि हाल्यो भने हाछियूँ साछियूँ गर्नु पर्छ । तातो पानी खानु पर्छ उडाइदिनु पर्छ । त्यो हिसाबले सोच्नु पर्छ, उच्च मनोबल राख्नु पर्छ । कोरोनाले लान सक्दैन, लागिहाल्यो भने पनि । त्यो बनोबल राख्नु पर्छ ।

अब मैले अघि नै क्वारेण्टिन र सुरक्षाको बारेमा भने क्वारेण्टिन विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार नै हुनुपर्छ भन्ने हामी सबैको मान्यता हो । हामी प्रयास त्यही गरिरहेका छौँ । तर पनि यथार्थ के हो भनेदेखि हाम्रो सामर्थ्य नै अहिलेसम्म लाखौं मान्छेलाई जस्तो मैले अघि नै भने क्वारेण्टिनमा १ लाख ८ हजार ३ सय ३६ जना मानिस अहिले छन् । उपयुक्त क्वारेण्टिन यति बनाउने हो भनेदेखि करिब-करिब युद्ध स्तरमा बनाउने हो भने एक वर्षमा बनाई सकिँदैन । मान्छे बस्ने आवास बनाउने कुरा हो नि । १ लाख ८ हजार ३ सय ३६ वटै ट्वाइलेट बनाउनु पर्‍यो, किचन बनाउनु पर्‍यो । त्यहाँ खट्ने मान्छे त्यति चाहियो । यो प्रधानमन्त्री कार्यालय मातहतमा रहेको अनावश्यक खर्च भन्ने छ नि । यो अनावश्यक खर्च भनेको यस्तैमा लाग्ने खर्च हो । त्यसको अनुगमन गर्नु पर्‍यो । स्वास्थ्यकर्मीहरू खट्नु पर्‍यो । डक्टर चाहियो, नर्स चाहियो । स्वाब टेष्ट गरेपछि त्यो स्वाब टेष्ट गर्ने फेरि पुऱ्याउने ती सबै

मान्छे पनि चाहिए । सुरक्षाकर्मी चाहिए, भोलेन्टियर्स पनि चाहिए । तीन वटा भोलेन्टियर्स अपराधी निस्किए भनेर संसारभरिका भोलेण्टियर्स भनेका अपराधी हुँदा रहेछन् भन्ने ठान्नु हुँदैन । भोलेण्टियर्स भनेको एउटा पवित्र नाम हो । तर अब कोइ-कोइ अनेक भेषमा पनि कुकर्मीहरू निस्किन्छ । पवित्र भेषमा, विभिन्न नामका, विभिन्न रङ्गका बर्को ओडेर पनि भेटिन्छन् । त्यसो भनेर त्यस्तो बर्को ओड्ने जति या त्यस्तो नामका बस्त्र धारण गर्नेहरू जनि सबै त्यस्तो हुन्छन् भन्न सकिँदैन । कहिले-कहिले एकदमै राम्रो काम गर्नु पर्ने, पुन्य काम गर्नु पर्ने ठाउँका मान्छेहरू अपुन्य, अपराधिक क्रियाकलाबहरूमा संलग्न भएको पनि पाइन्छ । तर सबैलाई जनरलाइज त्यसमा गर्नु हुँदैन । म साथीहरूलाई आग्रह गर्न चाहन्छु र सुरक्षाको प्रबन्धमा सरकारले थप सजकता यस्ता घटनाहरूबाट लिएको छ र लिन्छ ।

एउटा अत्यन्त राम्रो प्रश्न गर्नु भएको छ । मैले अस्ति चैत्रबाट कक्षा सुरुहुँदा मैले शैक्षिक अभिभावकत्व लिएका मुगुका विद्यार्थीहरूलाई काठमाडौंमा नै ल्याएर बोडर्स गर्ने र त्यसका निम्ति माघमा आमा बुवाहरू समेत बोलाउने ती कुराहरू अगाडि सारेको थिएँ । या फागुनमा उहाँहरूलाई बोलाउने र उहाँहरूले पनि बस्ने ठाउँ, स्कूल, बोडर्स कहाँ गरिन्छ त्यो हेर्ने र मैले त्यसैगरि सिराहामा शैक्षिक अभिभावकत्व लिएका विद्यार्थीहरूलाई पनि त्यसैगरि पढाउने भन्ने सोचेको थिएँ तर यो क्वारेण्टिनको कारणले, लकडाउनको कारणले आदि कारणले ती विद्यार्थीहरू पनि र अरु पनि त्यस्तैमा परेका छन् । अर्को हामीले अस्ति १ गतेबाट अनलाइन शिक्षा आदि भनेर सुरु गऱ्यौं तर नेपालको सुविधा, सहुलियत, पहुँच यी सबै कुरा समान छैनन् र सबै ठाउँमा पुऱ्याउन सकिएको छैन । त्यसकारण सबैलाई भएन भने कसैलाई पनि नगर्ने भन्न सकिँदैन । त्यसकारण हुन सकेका ठाउँहरूमा हामीले अनलाइन शिक्षा, अफ लाइन शिक्षा, टेलिभिजन शिक्षा, रेडियो शिक्षा विभिन्न ढङ्गले शिक्षा उपलब्ध गराउने ती कामहरू गरेका छौँ । जहाँ इन्टरनेट छैन, त्यहाँ इन्टरनेट पुऱ्याउने कोशिस गरेका छौँ तर सबै ठाउँमा कम्प्युटर, सबै ठाउँमा टेलिभिजन, सबै ठाउँमा टेलिभिजनको पहुँच अथवा त्यसको टावर, त्यसको प्रसारणको क्षमता आदि कुराहरू नै नपुगेका त्यस्ता ठाउँहरू छन् र इण्टरनेट नपुगेका ठाउँहरू छन् । त्यस्ता ठाउँहरूका विद्यार्थीहरूप्रति हामी चिन्तित छौँ । कसरी त्यसमा पूरा गर्न सकिन्छ भन्ने कुराहरू यहाँले ध्यानाकर्षण गर्नु भयो । मैले आफूले शैक्षिक अभिभावकत्व लिएका विद्यार्थीहरूको बारेमा मलाईलाई सम्झना छ मैले बर्सिएको छैन । ती विद्यार्थीहरूको खबर यहाँहरूले सुन्दै जानु हुनेछ भविष्यमा । मेरो विश्वास छ तिनीहरू त्यसै अनुसारको प्रगति गर्दै अगाडि बढ्ने छन् । अरु ठाउँमा पनि मैले गरिब बालबालिकाहरूको कसरी उत्थान गर्न सकिन्छ । तिनीहरूलाई गरिबीबाट कसरी उत्थान गर्न सकिन्छ ? तिनीहरूलाई गरिबीबाट कसरी उन्मुक्त गर्न सकिन्छ ? तिनीहरूको उज्वल भविष्य कसरी बनाउन सकिन्छ ? तिनीहरूलाई विश्व मै प्रतिस्पर्धी क्षमताका नागरिक कसरी बनाउन सकिन्छ ? हाम्रा देशका तमाम बालबालिकालाई, त्यतापट्टि पनि मेरो ध्यान गएको छ । सरकारको ध्यान गएको छ । तद्नुसार हामी प्रयासहरू अगाडि बढाइरहेका थियौं । हामीले यस वर्ष यो नयाँ आर्थिक वर्षमा देशलाई साक्षर घोषणा गर्ने

योजना बनाएका थियौँ । तर मलाई लाग्छ यस वर्ष हामीले साक्षर बनाउन सम्भवतः सक्दैनौँ । अर्को एक साल पर्खिनु पर्छ जस्तो लाग्छ । त्यसकारण अहिलेको सरकार कुनै अव्यवहारिक कुराहरू गरिरहेको छैन । जस्तो हामीले यसै वर्ष साक्षर बनाउने भने पनि यस वर्ष साक्षर बनाउन सम्भव नहुन सक्ने अवस्था रहेको कुरा म साथीहरूलाई जानकारी गराउँन चाहन्छु । अर्को वर्ष सायद हामीले पर्खिनु पर्छ । तर फेरि अर्को एउटा ऐतिहासिक काम हामी गर्ने छौँ । अर्को आर्थिक वर्षबाट हामीले नेपाल निरक्षरता नभएको साक्षरहरूको, पढे लेखेका मान्छेहरू कै देश हो भनेर गर्भ गर्ने ठाउँमा नेपाललाई यो सिढीमा फेरि माथि उठाउन सक्छौँ । अनेक क्षेत्रमा हामीले माथि उठाएका छौँ । हामीले एउटा खुल्ला ठाउँमा शौच गर्ने खालको जुन एउटा स्तर थियो समाजको त्यसलाई माथि उठाएर अब अनिवार्य रूपमा हरेकले शौचालयको प्रयोग गर्न सक्ने, पाउने र गर्ने प्रवृत्ति र सुविधा त्यस ठाउँमा देशलाई पुऱ्याएका छौँ । सभ्यताको माथिल्लो सिढीमा उठाएका छौँ । अघि मैले भनेँ सभ्यताका यस्ता थुप्रै सिढीहरू, थुप्रै युगहरूलाई हामीले परिवर्तन गरिदिएका छौँ । सडकमा भिखारी देखिने युग हामीले समाप्त गरेका छौँ । बालबालिका सडकमा देखिने युग समाप्त भएको छ । भिखमग्गा सडकमा देखिने युग समाप्त भएको छ । सडक मानव देखिने युग समाप्त भएको छ र अब त्यसैगरि निरक्षर देश भन्ने मापदण्ड त्यो पनि एकस्तर माथि देश उठ्ने छ । हामीले दिगो विकासका लक्ष्यका मापदण्डहरूमा थुप्रै मापदण्डहरूमा हाम्रो रेकर्ड राम्रो छ । नीति कार्यक्रम र बजेटमा पनि आइसकेको कुरा हो । हाम्रा प्रमुख मापदण्डहरूमा १४ वटा मापदण्डमा हामी अगाडि छौँ र नेपालको प्रगति उल्लेखनीय छ । यस्ता मापदण्डहरूको आधारमा हामी थुप्रै ठाउँमा प्रसंशित पनि भएका छौँ । हाम्रो प्रगति, हाम्रो लोकतन्त्र यस लोकतन्त्रले दिएका उपलब्धि । यस लोकतन्त्रमा हामीले smoothly समाज परिवर्तनको कामलाई अगाडि लगेका कुरा, संघीयता कार्यान्वयनको कुरा, संविधान कार्यान्वयनको कुरा जुन smoothness का साथ हामीले लगिरहेका छौँ । त्यसलाई संसारले प्रसंशा गरेको छ ।

हामीले हिंसाको अन्त्य गरेर शान्तिको दिशामा जुन प्रगति गरेका छौँ, शान्ति प्रक्रियालाई जसरी प्रारम्भ गरेर अगाडि बढायौँ र समाजमा शान्ति स्थापना गऱ्यौँ । यी कुरा अगाडि बढेका छन् । अब अहिले केही-केहीहरूले हल्ला चलाएका छन् । पढ्न अल्छि लाग्छ कि क्या हो । MCC बढेका मान्छे मैले त्यति भेटिनँ । MCC सम्झौता खोजेर ल्याएर पढे हुन्छ । पढ्नेभन्दा हल्लाका भरमा कुद्ने र जसरी भएपनि विरोध गर्न पाए भयो भन्ने कस्तो चिन्तन ? खुट्टाले टेकेर हिड्न छोडेर टाउकाले टेकेर, हातले टेकेर खुट्टा ठाडा पारेर हिड्ने अभ्यास गर्न किन जरुरी छ ? खुट्टाले नै टेकेर हिड्नु पर्छ । खुट्टाले टेकेर हिड्ने भनेको जे त्यसमा प्रबन्ध छ । त्यो प्रबन्ध पढेर, त्यो प्रबन्धमा ठीक, बेठीक, यहाँ-यहाँ छ भनेर भन्नु चाहिँ एउटा कुरा हो । लहै-लहैमा लौ अमेरिकी सेना आउने भयो । कहाँ पढ्छन्, के पढ्छन् ? अचम्म लाग्छ मलाई कागले कान लग्यो भन्दाखेरि लग्दा त दुख्छ होला अलिअलि । त्यो दुखेको छैन भने होइन होला त भन्ने थाहा पाउनु पऱ्यो नि ! दुख्या छैन तैपनि सुटुक्कै लगेछ कि भन्ने हो भने पनि छाम्नु पऱ्यो नि

कान छ कि छैन यहाँ भनेर । दुख्यो, दुखेन पनि वास्ता नगर्ने, छ कि छैन पनि नछाम्ने । अनि लहै-लहैमा भुल्ने । यो प्रवृत्ति बढा अचम्म लाग्छ मलाई । अहिले सडकको पनि विषय बनेको छ । अन्तको पनि विषय बनेको छ । यो सान्दिर्भक अहिलेको विषय यहाँको नभएर हुनाले म यसमा धेरै अगाडि जान चाहन्नँ । तर पढे हुन्थ्यो नि ! सम्झौतामा के लेखेको छ ? के यस देशमा विकास हुन आट्यो भन्ने चिन्ता हो । यस देशमा विकासका लागि अनुदान आयो भन्ने चिन्ता हो । ठिकै छ, यस सम्बन्धमा म माननीयजीहरू समक्ष आफ्ना विचार अरु कुनै समय राख्ने छु । यो छलफलमा आउने नै छ ।

म माननीयजीहरूलाई आग्रह गर्न चाहन्छु । हामी देशका सर्वोच्च जनप्रतिनिधि संस्थाका सदस्यहरू हौँ । हामीले इतिहासमा दर्ज हुने गरी बोल्नु पर्दछ । तपाईंहरूलाई थाहा छ एक जमानामा महाकाली सन्धिको सम्बन्धमा यति ठुलो बबम्डर आँधी हुरी मच्चियो । म आश्चर्य चकित भएँ । मैले भने म त त्यस्तो केही पनि देख्दिनँ त्यस्तो । यहाँ त ठिकै देख्छु । फेरि हामी आफैले अध्ययन गरेर, ठिक छ भनेर । दुई सरकारका बीचमा हस्ताक्षर गर्दा हामी सरकारमा नभएको पार्टी पनि त्यहाँ उपस्थित थियौं । हाम्रो नेतृत्व वर्ग त्यहाँ उपस्थित थियो । यो सही गरुँ ठिक छ ? तपाईंहरूको पनि मञ्जुर छ ? प्रतिपक्षको पनि मञ्जुर छ भन्दा ह मञ्जुर छ । प्रणब मुखर्जीले हस्ताक्षर गर्ने बेलामा फेरि ३/४ पल्ट पहिले सोधिसकेर हस्ताक्षर गर्ने बेलामा कलम समातेपछि तो मै साइन करुँ ? सोध्या छ । हा, हा ठिक है किजिए भनेपछि । पछि हा, हा ठिक हे किजिए भन्ने साथीहरू बुरुक्क उफ्रेको देखेपछि मैले अलिकति कडा शब्द प्रयोग गरेको थिएँ । त्यतिबेला हामीले कहीँ गाँजा, भाङ, धतुरो केही त खाएको थिएनौँ होला । हाम्रो जस्तो देश चलाउने तहका मान्छेहरू नीति, नियम र कानून बनाउने तहका मान्छेहरूले देशलाई सर्वोपरि राखेर विचार गर्नु पर्दछ । फेरि पनि हरेक विषयमा पक्ष-विपक्ष, आरोप-प्रत्यारोपको विषय होइन । हाम्रा भनाइहरू इतिहासमा दर्ज हुने छन् । त्यसकारण अहिले संविधान जसरी सर्वसम्मत ढङ्गले संशोधन भएको छ । यो यस संसदको इतिहासको गौरबको कुरा हो । नेपाली हुनुको गौरबको कुरा हो । राष्ट्रियताको प्रश्नमा नेपालको एकताको गौरबको कुरा हो । हो त्यस्तै गौरबका विषय हुने गरी हाम्रा अभिव्यक्तिहरू पढेर, अध्ययन गरेर, हेरेर भोलि फरक नपर्ने गरी हाम्रा नाति, नातिनीका पालासम्म फरक नपर्ने गरी, त्योभन्दा पछिसम्म पनि फरक नपर्ने गरी, इतिहासमा हेरिने विषय बन्छ । म माननीयज्यूहरूको ध्यानाकर्षण गर्न चाहन्छु । इतिहासमा हेरिने विषय बन्छ । त्यसकारण हामीले संसदमा बोल्दा कहिले के कुरा, कहिले के कुरा बोलिराख्या हुन्छौँ । म स्मरण गराउन चाहन्छु । संसदका सबै अभिव्यक्तिहरू रेकर्डेड छन् । History ले फेरि रेकर्ड दिन्छ । अस्ति भर्खर मैले एउटा अनलाइनमा हेरेँ । २०५३ सालमा मैले कालापानीको सन्दर्भमा छलफलमा राखेको कुरो फेरि त्यतिखेर सार्वजनिक महत्वको प्रस्ताव पेश गरेको कुरो सीमा सम्बन्धी विषयमा छलफल गरौँ भनेर राखेको प्रस्ताव अस्ति एउटाले निकाले छ २०५३ सालको । मलाई धेरै गाली गर्न सकिन्छ । तर मेरो अभिव्यक्तिमा कहीँ कतै चुकेको कुरो कसैले निकाल्दियो भने धन्यवाद दिन्छु । इतिहास खोज्न गए हुन्छ । ५५ वर्ष भयो मैले

राजनीति गरेको, यो ५५ वर्षको इतिहास खोज्न गए हुन्छ । खोजेर एउटा शब्द कहीँ त्रुटिपूर्ण निकाल्दिए हुन्छ । ४८ सालदेखि म संसदमा छु । संसदमा बोलेका कुराहरूको त्रुटिपूर्ण भनाइ, देश हितको विरुद्धको भनाइ, जनताको हितको विरुद्धको भनाइ सत्ता पक्षमा हुँदा होस्, प्रतिपक्षमा हुँदा होस् । मैले प्रतिपक्षको हिसाबले सत्ताको आलोचना गर्नु पर्छ भनेर त्यसरी बोल्ने गरेको थिएन, छैन । त्यसकारण म भन्छु कि त्यसरी निकाल्दिनु भए हुन्छ । यदि कसैले सक्नु हुन्छ भने । त्यो सम्भव छैन ।

अस्ति कसले निकालेछ फेरि यो ५३ सालमा मेरो नेतृत्वमा एउटा आयोग बनेको थियो । त्यस आयोगले प्रतिवेदन नै दिएको रहेछ । त्यस प्रतिवेदनमा लिम्पियाधुराबाट निस्किएको कालीनदी सीमाना हो । त्यसभन्दा पूर्वका, उत्तरका पूर्वका लिम्पियाधुरा, लिपुलेक, कालापानी नेपालका भूभाग हुन् भन्ने कुरा त्यस प्रतिवेदनमा पनि लेखिएको रहेछ । जसमा मैले हस्ताक्षर गरेको छु । यो ०५३ सालमा पनि लिम्पियाधुरादेखि भनेको रहेछ आज मात्रै होइन । महाकाली सन्धिको समयमा पनि मेरो भनाइ कसलाई मन परेन र के भन्यो भन्ने कुरा होइन । लिखितै प्रमाण कसैले खोजेर निकाले छ । धन्यवाद छ । लिम्पियाधुरादेखिकै भूमि नेपालको हो भनेर मैले २०५३ सालमा नै प्रतिवेदन बुझाएको रहेछु, हस्ताक्षर गरेको रहेछु । त्यसकारण मेरो आग्रह छ हाम्रा वहसहरू तद्अनुसारकै इतिहासमा सत्य सावित हुने हुनु पर्दछ । सेण्टिमेण्टका कुरा होइन । हामीसँग हाम्रो परराष्ट्र नीति हुनु पर्दछ । हामीसँग लगानी नीति हुनु पर्दछ । हामीसँग अनुदान कस्ता स्वीकार्ने, अस्वीकारर्ने ती नीति हुनु पर्दछ । हामीले बोल्दाखेरि यस्ता कुराहरू सबैको सुस्थिर विश्लेषणका साथ बोल्नु पर्दछ । त्यतापट्टि म साथीहरूको ध्यानाकर्षण गर्न चाहन्छु । र विचार राख्न, देश र जनताको हितको पक्षमा अध्ययनका निश्कर्ष र विचार राख्न हिच्किच्याउनु हुँदैन । हिच्किच्याउनु पर्दैन । त्यो स्वतन्त्रता हामीलाई छ । विचार छलफलका लागि पार्टीले निषेध गर्दैन, ह्विप लगाउँदैन । कमसेकम मैले नेतृत्व गरेको पार्टीको कुरा म गर्छु । छलफलका लागि निषेधित ह्विप जारी गर्दैन । कहिले-कहिले मतदानका लागि ह्विप जारी गर्न सक्छ । कहिले-कहिले त्यो पनि गर्दैन । जे होस् म माननीयज्यूहरूलाई धन्यवाद भन्न चाहन्छु । त्यस दिशामा हामीले हाम्रो सिङ्गो संघीय संसदलाई त्यो प्रतिनिधि सभा होस् या राष्ट्रिय सभा, यसलाई गरिमामय, जनताको नजरमा विश्वासनीय, अत्यन्तै फलदायी, देश र जनताका हितमा साँचो अर्थमा सजक ढङ्गले उभिने संस्थाको रूपमा अगाडि लानु पर्दछ । हाम्रो माननीयजीहरूको जुन प्रयास छ । त्यसलाई धन्यवाद भन्न चाहन्छु र आफ्नो भनाइ टुङ्ग्याउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन

विधेयक शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७७ माथिको विभिन्न शीर्षकहरूमाथिको दफावार छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब विनियोजन विधेयक, २०७७ अन्तर्गत विभिन्न शीर्षकहरूमाथि माननीय सदस्यहरूले राख्नु भएको खर्च कटौतीका प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, सर्वप्रथम माननीय प्रकाश पन्थद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मैले राखेको प्रस्तावउपर खासै त्यस्तो प्राथमिकता फोकसहरू नभएको हुनाले मैले फिर्ता लिन चाहन्नँ ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय प्रकाश पन्थले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय तारादेवी भट्टद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री तारा देवी भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, यो २०७७ प्रस्तुत विधेयक, २०७७ अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्बन्धी विभिन्न शीर्षकमा मितव्ययिता होस् भन्ने हिसाबले मैले यो खर्च कटौतीको प्रस्ताव राखेको हुँ म यो फिर्ता लिन चाहन्न ।

**सम्माननीय अध्यक्ष**:- माननीय माननीय तारादेवी भट्टले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय तारादेवी भट्टले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय जितेन्द्र नारायण देवद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय शीर्षकको खर्च रकममा उल्लेखित रकम घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मैले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग सम्बन्धित खर्च कटौतीको प्रस्ताव यो मन्त्रालयको काम अझ प्रभावकारी होस्, खर्चमा मितव्ययिता होस् र यो मुलुकले प्रगति गर्न सकोस् भन्ने मनसायले राखेको हुँ । त्यसकारणले फिर्ता गर्ने त प्रश्नै आउँदैन । सो कुराको जानकारी गराउँछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय जितेन्द्र नारायण देवले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला । यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय जितेन्द्र नारायण देवले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय जितेन्द्र नारायण देवद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत शहरी विकास मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मैले यो शहरी विकास मन्त्रालय अन्तर्गत खर्च कटौतीको प्रस्ताव अहिलेको वर्तमान आर्थिक सङ्कटको सन्दर्भमा त्यो मन्त्रालयले आफ्नो खर्चहरूलाई मितव्ययिताको सिद्धान्त अनुसार अवलम्बन गरोस् भन्ने मनसायले राखेको हुनाले फिर्ता गर्न नचाहेको कुरा अवगत गराउँछु ।

**सम्माननीय अध्यक्षः**- माननीय जितेन्द्र नारायण देवले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय जितेन्द्र नारायण देवले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय प्रकाश पन्थद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत खानेपानी मन्त्रालय शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, यो खानेपानी मन्त्रालय अन्तर्गतको खर्च कटौतीको प्रस्ताव फिर्ता लिँदैन ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय प्रकाश पन्थले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अनिता देबकोटाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको शीर्ष रकममा एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**<u>माननीय श्री अनिता देबकोटा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको फजुल खर्च र मितव्ययितालाई यो सरकारले त्यसलाई सम्बोधन गर्ने छाटकाँट नदेखाएको हुनाले म फिर्ता नलिने घोषणा गर्दछु ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय अनिता देबकोटाले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय अनिता देबकोटाले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय प्रकाश पन्थद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय शीर्षकको रकममा एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत युवाहरूलाई ठोस परिचालन गर्ने कार्यक्रम नदेखिएको हुनाले यो प्रस्ताव फिर्ता लिन चाहन्नँ ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय प्रकाश पन्थले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय जितेन्द्र नारायण देवद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत अर्थ मन्त्रालय शीर्षकको खर्च रकममा उल्लेखित रकम घटाइयोस् भनी राख्नु भएको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, मैले अर्थ मन्त्रालयसँग सम्बन्धित विषयमा खर्च कटौतीको प्रस्ताव राखेको थिएँ । त्यो प्रस्तावको सन्दर्भमा माननीय मन्त्रीज्यूको जवाफ चित्त बुझ्दो नआएको हुनाले मैले आफ्नो प्रस्ताव फिर्ता लिन नचाहेको कुरा अवगत गराउन चाहन्छु ।

**सम्माननीय अध्यक्ष**ः- माननीय जितेन्द्र नारायण देवले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय जितेन्द्र नारायण देवले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय प्रकाश पन्थद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत सञ्चार तथा सूचना प्रविधि मन्त्रालय शीर्षकको खर्च रकममा उल्लेखित रकम घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, यो सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतका कतिपय विनियोजनहरू चित्त नबुझेको हुनाले खर्च कटौतीको प्रस्ताव फिर्ता लिन्नँ ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय प्रकाश पन्थले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अनिता देबकोटाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री अनिता देबकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, मेरो यो खर्च कटौतीको प्रस्ताव सम्बोधन नभएकोले फिर्ता नलिने जानकारी गराउँछु ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देबकोटाले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय अनिता देबकोटाले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय रमेश जंग रायमाझीद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत वन तथा वातावरण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव उहाँको तर्फबाट माननीय प्रकाश पन्थलाई फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, रेमश जंग रायमाझीद्वारा प्रस्तुत विनियोजन विधेयकको यो वन तथा वातावरण मन्त्रालय अन्तर्गतको खर्च कटौतीको प्रस्ताव फिर्ता नहुने कुरा जानकारी गराउँछु ।

**सम्माननीय अध्यक्ष**:- माननीय रमेश जंग रायमाझीले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय रमेश जंग रायमाझीले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म जितेन्द्र नारायण देवद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, मैले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सन्दर्भमा खर्च कटौतीको प्रस्ताव राखेको छु । त्यो प्रस्तावको जवाफ दिने सन्दर्भमा माननीय मन्त्रीज्यू जवाफ चित्त बुझ्दो नआएको हुनाले म आफ्नो प्रस्तावलाई फिर्ता नलिने व्यहोरा जानकारी गराउँछु ।

**सम्माननीय अध्यक्ष**:- माननीय जितेन्द्र नारायण देवले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय जितेन्द्र नारायण देवले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म अनिता देबकोटाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय शीर्षकको खर्च रकममा उल्लेखित खर्च रकम घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री अनिता देबकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, २०७७ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव एकदम उपयुक्त छ । मन्त्रीज्यूले यसलाई स्वीकार नगरिदिनु भएको हुनाले मैले फिर्ता नलिने जानकारी गराउँछु ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देबकोटाले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय अनिता देबकोटाले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय तारा देवी भट्टद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय शीर्षकको खर्च रकममा एक रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय तारा देवी भट्ट (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्य जस्तो संवेदनशील विषयमा मितव्ययिता अपनाइयोस् भन्ने हिसाबले मैले खर्च कटौतीको प्रस्ताव राखेको हुँ र म यो खर्च कटौतीको प्रस्तावलाई फिर्ता लिन चाहन्नँ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय तारा देवी भट्टले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव रुपैयाँ फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय तारा देवी भट्टले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म अनिता देबकोटाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालय शीर्षकको खर्च रकममा उल्लेखित रकम घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय अनिता देबकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, २०७७ अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव फिर्ता नलिने जानकारी गराउँछु ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देबकोटाले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय अनिता देबकोटाले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म अनिता देबकोटाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय अनिता देबकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, खर्च कटौतीको प्रस्ताव फिर्ता नलिने जानकारी गराउँछु ।

**सम्माननीय अध्यक्ष**:- माननीय अनिता देबकोटाले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय अनिता देबकोटाले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय प्रकाश पन्थद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, शिक्षा तथा प्रविधि मन्त्रालय अन्तर्गतका कतिपय विनियोजनहरू मन नपरेको हुनाले र मन्त्रीज्यूको पनि स्पष्ट जवाफ नआएको हुनाले यो प्रस्ताव फिर्ता लिन चाहन्नँ ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय प्रकाश पन्थले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय रमेश जंग रायमाझीद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव उहाँको तर्फबाट माननीय प्रकाश पन्थलाई फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय रेमश जंग रायमाझीद्वारा प्रस्तुत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको खर्च कटौती सम्बन्धी प्रस्ताव फिर्ता नहुने जानकारी गराउँछु ।

**सम्माननीय अध्यक्ष**ः- माननीय रमेश जंग रायमाझीले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय रमेश जंग रायमाझीले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय जितेन्द्र नारायण देवद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत परराष्ट्र मन्त्रालय शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, अहिले नेपाल लगायत पूरै संसार कोरोना क्राइसीस्मा रहेको र बिस्तारै-बिस्तारै दक्षिण एशिया र वरपर political confrontation बढ्दै गइराखेको अवस्थामा परराष्ट्र मन्त्रालयको बजेट अलि बढाउनु पर्छ भन्ने प्रस्ताव राखेको थिएँ । माननीय मन्त्रीज्यूले जति छ अहिले त्यतिनै काफी छ । बजेट अब धेरै चाहिँदैन भनेर जवाफ चित्त बुझ्दो नदिनु भएको मैले आफ्नो प्रस्तावलाई यथावत राखेको छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय जितेन्द्र नारायण देवले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय जितेन्द्र नारायण देवले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय रमेश जंग रायमाझीद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत गृह मन्त्रालय शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उहाँको तर्फबाट माननीय प्रकाश पन्थलाई समय उपलब्ध गराउँछु ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय रमेश जंग रायमाझीद्वारा प्रस्तुत विनियोजन विधेयक अन्तर्गतको गृह मन्त्रालय सम्बन्धी खर्च कटौतीको प्रस्ताव मन्त्रीजीको पनि स्पष्ट जवाफ नआएको र कतिपय चित्त बुझ्दो नबभएको हुनाले फिर्ता हुँदैन ।

**सम्माननीय अध्यक्ष**ः- माननीय रमेश जंग रायमाझीले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय रमेश जंग रायमाझीले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय रमेश जंग रायमाझीद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत रक्षा मन्त्रालय शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव उहाँको तर्फबाट माननीय प्रकाश पन्थलाई फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय रेमश जंग रायमाझीद्वारा प्रस्तुत रक्षा मन्त्रालय अन्तर्गतको खर्च कटौतीको प्रस्ताव फिर्ता नहुने जानकारी गराउँछु ।

**सम्माननीय अध्यक्ष**ः- माननीय रमेश जंग रायमाझीले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय रमेश जंग रायमाझीले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय रमेश जंग रायमाझीद्वारा प्रस्तुत विनियोजन विधेयक, २०७७ अन्तर्गत राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस् भनी राख्नु भएको खर्च कटौतीको प्रस्ताव उहाँको तर्फबाट माननीय प्रकाश पन्थलाई फिर्ता लिन चाहनु हुन्छ भने समय उपलब्ध गराउँछु ।

**माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, माननीय रेमश जंग रायमाझीद्वारा प्रस्तुत गर्नु भएको ाष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपतिको कार्यालय सम्बन्धी त्यहाँका कतिपय खर्चहरू, विनियोजनहरू मितव्ययी नहुने खालको र फजुल खालको पनि भएको हुनाले यो प्रस्ताव फिर्ता नहुने जानकारी गराउँदछु ।

**सम्माननीय अध्यक्ष**ः- माननीय रमेश जंग रायमाझीले पेश गर्नु भएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय रमेश जंग रायमाझीले राख्नु भएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि १० सम्म र सोसँग सम्बन्धित अनुसूचि-१ र २ विनियोजन विधेयक, २०७७ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको दफा २ देखि १० सम्म र सोसँग सम्बन्धित अनुसूची-१ र २ बहुमतले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७७ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

"**प्रस्तावना**: आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यको लागि संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छिनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम " विनियोजन ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन सम्वत् २०७७ साल साउन १ गतेदेखि लागू हुनेछ ।"

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७७ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

- "हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

- "हुन्न" ।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७७ को अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय अर्थ मन्त्री डा. युवराज खतिवडालाई “प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७७ लाई पारित गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

**माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले “प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७७ लाई पारित गरियोस्” भन्ने प्रस्ताव सभा समक्ष पेश गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७७ लाई पारित गरियोस् भन्ने प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस् ।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस् ।

- “हुन्न” ।

“हुन्छ” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७७ बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब अर्को बैठक २०७७ असार ५ गते शुक्रबार बिहान ११:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर अर्को बैठक २०७७ असार ५ गते शुक्रबार बिहान ११:०० बजे गरी आजको बैठक स्थगित भयो ।)

अन्त्यः दिनको ४:१५ बजे ।